नेपालसंग आन्तरिक स्रोत पर्याप्त नभएकाले वैदेशिक... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक १५९ • २०८० साल कार्त्तिक १६ गते बिहीबार (2 November, Thursday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।–

### विदेश जान अन्तरवार्ताको नाममा ठगी

# श्रम स्वीकृति नभएको संस्थाबाट इन्टरभ्यू श्रमका कर्मचारी पुग्दा भागाभाग

**राजेन्द्र यादव**

जनकपुरधाम । मधेश प्रदेशबाट विदेशिनेहरुको संख्या बढिरहेको बेला सर्वसाधारणलाई ठग्ने गिरोहहरु पनि सक्रिय भएको छ । शिवम् ट्रेनिंग सेन्टरले दुबईका लागि कामदार पठाउन बुधबार अन्तरवार्ता लिइरहेको बेला श्रम कार्यालय जनकपुरधामका प्रतिनिधि पुग्दा भागाभाग भएको छ।



शिवम् ट्रेनिंग सेन्टरले गार्डेनिया( न्बचम्क्लक्ष)बिल्डिंग कन्ट्रेक्टींग यूएईका लागि इन्टरभ्यू लिइरहँदा श्रम कार्यालयका कर्मचारी पुगेका थिए।

कर्मचारी पुगेपछि इन्टरभ्यू लिनेहरुसमेत अन्योलमा देखिए। शिवम् ट्रेनिंग सेन्टरको सूचना पाटीमा टाँस गरिएको कम्पनीको नाममा श्रम स्वीकृतिसमेत रहेको छैन्। पूर्व श्रम स्वीकृति नलिइ कुनै प्रकारको इन्टरभ्यू अथवा विज्ञापन गर्न नपाउने श्रम सम्बन्धी ऐनमा प्रष्ट व्यवस्था गरिएको छ।

शिवम् ट्रेनिंग सेन्टरका सञ्चालक सुनिल प्रसाद साहले गार्डेनिया कम्पनी इजीवाई बिल्डसित आबद्ध रहेकाले इन्टरभ्यू गरिएको दाबी गरेका छन् । तर उनले यस सम्बन्धमा कुनै प्रमाण प्रस्तुत भने गर्न सकेका छैनन्। इजीवाई बिल्डको ८० जना कामदारका लागि मात्र पूर्व स्वीकृति प्राप्त रहेको छ।

गार्डेनिया कम्पनीको नाममा श्रम स्वीकृति नरहे पनि शिवम ट्रेनिंग सेन्टरको कार्यालयमा रहेको सूचना पाटीमा १ हजार ७ सय जना ट्रेड चाहिएकोले जीसीसीओआर राम्रो काम जानेको सबै पास हुने उल्लेख छ। कामदारको ड्यूटी आवर ८ घण्टा र ४५ वर्ष उमेर ननाघेको सेन्टरको सूचना पाटीमा रहेको सूचनामा उल्लेख छ।

आवश्यक कामदारहरुमा मेसन( ब्लक/प्लास्टर/टाइल्स), तलब १ हजार १ सय जोड ३ सय उल्लेख गरिएको सो सूचनामा सटरींग कार्पेन्टर, स्टिल फिक्सचर, स्काफोल्डरका लागि पनि उतिकै तलब र सुविधा लेखिएको छ। त्यसैगरि जिप्सम कार्पेन्ट र जिप्सम पेन्टरको तलब र सुविधा पनि १ हजार १ सय जोड ३ सय उल्लेख गरिएको छ।

ड्युटी ८ घण्टा र महिनामा २६ दिन काम गर्नुपर्ने उल्लेख गरिएको सूचनामा उमेर २४ वर्षदेखि ४५ वर्षसम्म हुनुपर्ने उल्लेख गरिएको छ। श्रम स्वीकृति बिना इन्टरभ्यू भइरहेको सूचना पाएर शिवम् ट्रेनिंग सेन्टर पुगेका श्रम कार्यालयका अधिकारीले इन्टरभ्यू रोकाएका थिए।

श्रम तथा रोजगार कार्यालय जनकपुरधामका प्रमुख धर्मराज रोकायाले गैर कानुनी कार्य गरिरहेको शिवम् ट्रेनिंग सेन्टरलाई सचेत गराएका छन्। 'पूर्व श्रम स्वीकृति नलिएका कम्पनीका लागि इन्टरभ्यू गर्नु गैरकानुनी हो' उनले भने, पहिलो पटक सचेत गराएको र दोस्रो पटक पाइएमा कडा कारबाही हुनेछ।

संघीय सरकारमा श्रम तथा रोजगार मन्त्री लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा)का वरिष्ठ नेता शरत्सिंह भण्डारी रहेका छन्। महोत्तरीबाट प्रतिनिधि सभामा निर्वाचित मन्त्री भण्डारीले मधेश प्रदेशबाट कामका लागि सर्वाधिक विदेशिने कामदार हरुसित भइरहेको ठगीलाई रोक्न ठोस पहल गर्नुपर्ने पीडितहरुले बताएका छन्।

इजी बिल्डका लागि शिवम् ट्रेनिंग सेन्टरमा बुधबारका लागिनै इन्टरभ्यू हुने समय तोकिएको थियो । तर त्यहाँ गार्डेनियाका लागि इन्टरभ्यू लिएको वरिष्ठ श्रम अधिकृत रोकायाले जनाए। इन्टरभ्यू रोकाएर सहभागीहरुलाई मेनपावर कम्पनी र त्यसले माग गरेका कामदारबारे श्रमको पूर्व स्वीकृति सम्बन्धी अनिवार्य रुपमा जानकारी लिनु पर्नेमा रोकायाले जोड दिए।

८० जना कामदारको पूर्व श्रम स्वीकृति पाएका इजी बिल्डका लागि जनकपुरधाममा नै दुई स्थान लगायत सुनसरीको इटहरीमा २ दिन, ललितपुरमा ३ दिन, रुपन्देहीमा १ दिन र बांकेमा १ दिन इन्टरभ्यूका लागि समय निर्धारण गरिएको छ।

इन्टरभ्यूका लागि सयौंको संख्यामा मानिसहरु उपस्थित रहे पनि प्रहरीलाई जानकारी गराइएको थिएन्। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धनुषाले अनभिज्ञता प्रकट गरेको छ।

श्रम तथा रोजगार कार्यालयका प्रमुखनै इन्टरभ्यू स्थलमा पुगेपछि अन्तरवार्ता लिन बसेका मानिसहरुसमेत अल्मलमा परेका थिए। उनीहरुले इजी बिल्डका लागि ८० जनाको इन्टरभ्यू गर्न बसेको बताए पनि इन्टरभ्यू दिनेहरुले गार्डेनिया बिल्डिंग कन्टेक्टींगका लागि दिएको बताएका थिए । उनीहरुले बोर्डमा टांस गरिएको सूचना समेत कार्यालय प्रमुख रोकायालाई देखाएका थिए । इन्टरभ्यू दिन पुगेका कामदारहरुले दुबईमा १७ सय जनाको माग रहेको र सबैले इन्टरभ्यू पास गर्ने शिवम् ट्रेनिंग सेन्टरका सञ्चालक सुनिल प्रसादले जनाएको बताए।

# 'प्रहरीले मृतकको चरित्र हत्या गरी भ्रम सृजना गरे'

**टुडे समाचारदाता**

कलैया । बारा जिल्लाको कलैयास्थित बाल एकता बोर्डिंग स्कुलका सञ्चालक रुपेश सर्राफ (स्वर्णकार) को हत्याको कारण र त्यसमा संलग्नताको विषयमा प्रहरीले मिथ्या सार्वजनिक गरेको पीडित परिवारले आरोप लगाएको छ। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा १ जना महिलासहित ५ जनालाई सार्वजनिक गरेको छ। त्यस क्रममा बरामद भएको मोटरसाइकल पनि प्रहरीले सार्वजनिक गरेको छ। प्रहरीका अनुसार सर्राफ हत्याको कारण महिलासित अबैध सम्बन्ध रहेको छ।

तर शोकाकुल परिवारको तर्फबाट मृतकका आफन्त सुमोद कुमार सर्राफले बुधबार जारी गरेको विज्ञप्तिमा प्रहरीले केही महिना पूर्व बारा जिल्लाको पचरौतामा भएको हत्यामा संलग्न व्यक्ति र मोटरसाइकललाई सर्राफको हत्यासित जोडेर घटनालाई नै अन्यत्र मोड्ने प्रयास गरेको आरोप लगाइएको छ।

दिनदहाडै भएको हत्याको कारण सृजित हुनसक्ने अवस्था तथा सुरक्षा चुनौतीलाई थेग्न नसक्ने अवस्थाबाट मुक्ति पाउन प्रहरीले मुद्दालाई अन्यत्र मोड्ने प्रयास गरेको विज्ञप्तिमा आरोप लगाइएको छ। 'बिना प्रमाण मृतकको चरित्र हत्या गरिएको छ ' विज्ञप्तिमा भनिएको छ, 'हामीलाई लाशको खेल गरे सबै कुरा सार्वजनिक गर्छु भनेर दाहसंस्कार गर्न दबाब दिएको तर जिल्ला प्रहरी कार्यालयद्वारा गरिएको पत्रकार सम्मेलनमा चित्त बुझ्दो जवाफ दिन सकेको छैन् ।'

सुमोद कुमार सर्राफद्वारा हस्ताक्षर ८ बुंदे विज्ञप्तिमा घाइतेलाई अस्पताल पुऱ्याउने विद्यालयका कर्मचारी रियाज अंसारी र घटनास्थलमा हुँदै नभएका विद्यालयकै अर्को कर्मचारी जमिल अख्तर अंसारीलाई बिना प्रमाण सहयोगीको आरोप लगाएर फसाउन खोजेको उल्लेख गरिएको छ। विज्ञप्तिमा प्रहरीले शान्तिसुरक्षा कायम गर्न नसकेको आरोपबाट उम्कन आमजनताका आँखामा भ्रम छर्न खोजेको आरोप लगाइएको छ।

प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखको अभिव्यक्तिमासमेत भिन्नता रहेको औल्याउँदै विज्ञप्तिमा भनिएको छ , जिल्ला प्रहरी कार्यालयले दोषीहरुको दोषलाई उजागर गर्न सकेको छैन्।

तर बाराका प्रहरी प्रमुख एसपी सुरेश काफ्लेले घटनाको अनुसन्धान जारी रहेको बताउँदै प्रमाण र तथ्यहरु अझै संकलन भइरहेको बताए । 'अनुसन्धानको क्रम जारी रहेकाले कतिपय तथ्यहरु पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको छैन्,' उनले भने, पीडित परिवारको कथनप्रति हाम्रो दुखेसो छैन् । कुनै प्रकारको दबाब र प्रभावमा नपरी स्वतन्त्र रुपमा अनुसन्धान भइरहेको उनले दाबी गरे। सर्राफको सोमबार दिउँसै हत्या गरिएको थियो।

# आजदेखि सरकारी कार्यालय ४ बजे सम्म मात्रै

**टुडे समाचारदाता**


काठमाण्डु । सरकारी कार्यालयको दैनिक सेवा समय एक घण्टा कम हुने भएको छ।

बिहीबारदेखि माघ १५ सम्म सरकारी कार्यालयको बन्द हुने समय अन्य बेलाकोभन्दा एक घण्टा अघि हुने नियम छ।

यसैअनुसार बिहीबारदेखि विहान १० बजे खुल्ने सरकारी कार्यलयहरु अपरान्ह ४ बजे बन्द हुनेछ। अन्य समय भने ५ बजेसम्म नै सेवा दिने गरी कार्यालयहरु खुल्छन्।

सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर कार्यालय समय तोक्ने गर्छ। जाडो समयमा दिन छोटो हुने भएकाले सरकारले ३ महिना कार्यालय समय ६ घण्टाका लागि मात्रै तोकेको छ। अन्य समयमा भने सरकारले कार्यालय समय ७ घण्टा तोकेको छ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!
कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)
ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
पहिलेको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा
यस अस्पतालमा नेपाल सरकारद्वारा संचालित
आमा सुरक्षा कार्यक्रम
यहि मिति २०८०/४/१ गते देखि संचालन भईरहेको जानकारी गराउन चाहन्छौं।
यसमा बिरामीले पाउने सुविधाहरु
- २४ औं घण्टा डेलिभरी सेवा नि:शुल्क।
- शल्यक्रियाद्वारा (अपरेशन) बाट बच्चा पाउने सेवा नि:शुल्क।
- जेनरल बेड चार्ज नि:शुल्क।
- बिरामीलाई यातायात खर्च वापत रु. १०००।- दिइनेछ।
नोट
जनकपुधामको एक मात्र सु-प्रसिद्ध न्यूरो सर्जन डा. हेमन्त कुमार साह (MCH) द्वारा न्यूरो सर्जरी सम्बन्धी सम्पूर्ण सेवाहरु उपलब्ध छ।
सम्पर्क नं.
०४१-५९१०९२
९८१४०२९७६९



DRY CLEANER
Our Services
- Blanket
- Coat
- Sari
- Ironing
- Shoe Cleaning
- Hotel
- Hospital
जनकपुरधाम उप-महानगरपालिकाको ठिक अगाडि
Contact No.
9801629276, 9854058181
Note:- Free Home Delivery all over in Janakpur



'जनमन सँ जनजन धरि'
रेडियो टुडे ९१ मेगाहर्ज
रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा अहाँक सँग
सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७
भिन्सर ५ बजे सँ राति ११ बजे धरि



# नेपालको ऊर्जा क्षेत्रमा साढे २ खर्ब लगानी गर्न युके एक्सपोर्ट फाइनान्स तयार

टुडे समाचारदाता

काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानका अध्यक्ष गणेश कार्कीले नेपालमा जलविद्युत तथा अन्य नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानी बढाउन बेलायती लगानीकर्तालाई आग्रह गरेका छन्। नेपालको जलविद्युत लगायत नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानी भित्र्याउने मुख्य उद्देश्यसहित लण्डनस्थित नेपाली दूतावासले आयोजना गरेको उच्चस्तरीय लगानी सम्मेलनलाई सम्बोधन गर्दै कार्कीले उक्त कुरा बताएका हुन्।




सम्मेलनमा नेपालको ऊर्जा क्षेत्रमा लगानीका अवसरहरूका बारेमा जानकारी दिँदै कार्कीले नेपाल सरकारको भूमिका सकारात्मक रहेकोले नेपालमा लगानी गर्न विदेशी लगानीकर्ताहरूलाई आह्वान गरेका थिए। त्यसैगरी, ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्रालयका सहसचिव सन्दीप देवले नेपालको ऊर्जा क्षेत्र विशेष गरी कार्यान्वयनमा रहेका जलविद्युत परियोजनाहरूमा लगानीको ठूलो अवसर भएको बताए । भारत तथा चीनसँग विद्युत विकास तथा खरिदका लागि भएका सम्झौताहरू एवम् जलविद्युत विकासका लागि नेपाल सरकारको आगामी योजनाको बारेमा उल्लेख गर्दै देवले यसका लागि यो क्षेत्रमा ठूलो पुँजीको आवश्यकता र अवसर रहेको बताए। अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालको समृद्धि र आर्थिक रुपान्तरणका लागि ठूलो वित्तीय स्रोतको आवश्यकता रहेको जनाउँदै त्यसका लागि आन्तरिक स्रोत पर्याप्त नहुने भएकोले वैदेशिक लगानी अपरिहार्य रहेको बताए। बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले नेपालले वित्तीय केन्द्र लण्डनबाट लगानीका दीर्घकालीन वित्तीय स्रोतहरूमार्फत् बेलायतबाट नवीकरणीय ऊर्जा, सूचना प्रविधि, शिक्षा तथा पर्यटन क्षेत्रमा प्राथमिकताका साथ लगानी भित्र्याउन चाहेको बताए।

नेपालले विद्युत व्यापारका लागि छिमेकी मुलुक भारतसँग द्विपक्षीय सम्झौता गरेको तथा बंगलादेशमा समेत विद्युत निर्यात गर्ने तयारी गरेको बताउँदै उनले नेपालको जलविद्युतबाट नेपाल मात्र नभई दक्षिण एसियाली क्षेत्रमै जलवायु परिवर्तसम्बन्धी लक्ष्य पूरा गर्न सहयोग पुग्ने बताए।

सम्मेलनमा ब्रिटिश इण्टर नेसनल इन्भेष्टमेन्टका प्रवन्ध निर्देशक कोलिन बक्ली तथा डोल्मा इम्प्याक्ट फण्डका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत टिम गोचरले नेपालमा आफूले गरेको लगानी फलदायी रहेको बताउँदै उत्तरदायी लगानीका लागि नेपाल उपयुक्त देश भएको बताएका थिए। युके एक्सपोर्ट फाइनान्सका प्रमुख कार्यकारी अधिकृत टिम रिडले नेपालका विभिन्न क्षेत्रमा १.५ बिलियन पाउण्ड (दुई खर्ब ४२ अर्ब रूपैयाँ) सम्म लगानी गर्न युके एक्सपोर्ट फाइनान्स तयार रहेको बताए। नेपाल र संयुक्त अधिराज्यबीच मैत्री सन्धि भएको १०० वर्ष पूरा भएको अवसरमा आयोजित उक्त सम्मेलनमा इप्पानका अध्यक्ष कार्की सहित उपाध्यक्ष उत्तम भ्लोन र सल्लाहकार बटु लामिछाने सहभागी भएका छन्। त्यस्तै, ऊर्जा मन्त्रालय, अर्थमन्त्रालय र विभिन्न क्षेत्रका उद्योगी, व्यवसायीको सम्मेलनमा सहभागीता थियो ।

# परराष्ट्रमन्त्री साउद र अमेरिकी वित्त निगमका प्रमुख कार्यकारी नाथनबीच भेटवार्ता

वाशिङटन डिसी । अमेरिकाको औपचारिक भ्रमणमा आउनुभएका परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले अमेरिकी विकास वित्त निगमका प्रमुख कार्यकारी अधिकृत स्कट नाथनसँग मङ्गलबार भेटवार्ता गर्नुभएको छ । उक्त अवसरमा उहाँहरू बीचमा निगमको नेपालमा लगानीका विषयमा छलफल भएको बताइएको छ ।




सो अवसरमा मन्त्री साउदले नेपाल सरकारले नेपालमा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि लिइएको रणनीतिका बारेमा प्रकाश पार्दै निगममार्फत अमेरिकाका निजी क्षेत्रलाई लगानी अभिवृद्धि गराउन प्रेरित गर्नसमेत अनुरोध गर्नुभएको थियो ।

निमगका प्रमुख कार्यकारी अधिकृत नाथनले नेपालको आर्थिक विकासमा निगमको लगानी वृद्धिसम्बन्धी दृष्टिकोण र सम्भावित क्षेत्रहरूका बारेमा आफ्नो धारणा राख्नुभएको थियो ।

अमेरिकी सरकारमातहत रहेको उक्त निगमले अहिले एक सय १० देशमा ३६ अर्ब ४५ करोड डलर लगानी गरेको जनाइएको छ । साथै निगमले पुँजीगत लगानीमार्फत निजी क्षेत्रको विकासका लागि वित्तीय उपकरण परिचालन गर्दै आएको छ ।

परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले नेपालको परराष्ट्रनीति तटस्थ, सन्तुलित र स्वतन्त्ररूपमा पञ्चशील सिद्धान्तमा सञ्चालित भएको बताउनुभएको छ । ऐतिहासिक तथ्यहरूका आधारमा एउटा स्वतन्त्र अस्तित्वमा रहेका देशहरूमा हामी पनि भएकाले सोहीअनुसारको अभ्यास भएको उहाँको भनाइ थियो ।

वाशिङटन डिसीमा'युनाइटेड स्टेटस इन्स्टिच्युट फर पिस'द्वारा मङ्गलबार आयोजित नेपालको वैदेशिक नीतिको परिदृश्य विषयक संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साउदले उक्त धारणा राख्नुभएको हो ।

उहाँले भन्नुभयो "नेपाल दुई ठूला र शक्तिशाली तथा द्रुतगतिले विश्व अर्थतन्त्रमा अगाडि बढिरहेका देश भारत र चीनको बीचमा भएकाले दुवैसँग मित्रवत सम्बन्ध कायम गर्दै अगाडि बढिरहेको छ ।" उहाँले साथै सार्वभौम, समानता, पारस्परिक सम्मान, सहकार्यका साथ एकअर्काको संवेदनशीलता र भावनालाई सम्मान गर्दै अगाडि बढेको बताउनुभयो ।

मन्त्री साउदले नेपालको राजनीतिक प्रक्रियाले दिगोपन हासिल गर्दै गएकाले अब आर्थिक विषयलाई केन्द्रमा राखेर सोहीअनुसार नेपालको कूटनीति परिचालित हुने छ भन्नुभयो ।

प्रजातान्त्रिक अभ्यासका आधारशिलामा नागरिकले प्रजातान्त्रिक समाज र स्वतन्त्रतामार्फत आवधिक निर्वाचनलाई अङ्गीकार गर्दै अगाडि बढेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "हामीहरूसँग प्रजातान्त्रिक संस्था र संरचना क्रियाशील छन्, यसको कारणले महिलाको राजनीतिमा उच्चस्तरको सहभागिता सम्भव भएको छ । नेपालको संविधानको भावनाअनुसार राष्ट्रपति, प्रधानन्यायाधीश र सभामुख महिला भइसक्नुभएको छ भने सङ्घीय संसद, प्रदेश सभामा ३३ प्रतिशत महिलाको व्यवस्था गरेका छौँ । हामीहरूको नागरिकको ठूलो हिस्सा देश बाहिर पनि रहेकाले उनीहरूको अधिकार संरक्षण र प्रोत्साहन गर्दै उनीहरूलाई मातृभूमिसँग जोड्ने कुरामा केन्द्रित रहेको छ ।"

मन्त्री साउदले नेपाल-अमेरिकाको सम्बन्ध ७६ वर्ष लामो र बलियो सम्बन्ध भएको राजनीतिक, आर्थिक विकास, सांस्कृति, शैक्षिकलगायतमा उल्लेखनीय साझेदारको रूपमा काम गर्दै आएको बताउनुभयो । दुई देश बीचको सम्बन्ध प्रजातन्त्र, मानवअधिकार र नागरिकको सशक्तीकरणको मूल्य, मान्यतामा आधारित रहेको स्मरण गर्नुहुँदै उहाँले अमेरिका नेपालको महत्त्वपूर्ण र ठूलो विकास साझेदार भएकाले त्यसको प्रभावकारिता नेपालको सामाजिक, आर्थिक रुपान्तरणमा देखिएको उल्लेख गर्नुभयो ।

नेपाल र अमेरिकाले विश्वका साझा चुनौतीमा बहुराष्ट्रिय फोरमहरूमा रचनात्मक ढङ्गले काम गरेको उल्लेख गर्नुहुँदै मन्त्री साउदले नेपालले अमेरिकाबाट वैदेशिक प्रत्यक्ष लगानी, व्यापार विस्तार, पर्यटनको संवर्द्धन र प्रविधि रुपान्तरणमा थप सहयोग र साझेदारीको अपेक्षा गरेको छ भन्नुभयो । युएसआइपीकी दक्षिण एसियाली निर्देशक तमन्ना शालीकुडिनले सञ्चालन गर्नुभएको कार्यक्रममा अमेरिकाका लागि नेपालका राजदूत श्रीधर खत्री, नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसन लगायत दूतावासका अधिकारीलगायत प्रवुद्ध समूहको सहभागिता थियो । रासस

# एक सय चारको निःशुल्क दाहसंस्कार

इनरुवा । सुनसरीको इटहरी उपमहानगरपालिकाले आर्थिक अवस्था कमजोर भएका एक सय चारको निःशुल्क दाहसंस्कार गरेको छ ।

उपमहानगरको सहयोगमा आर्थिक अवस्था कमजोर भएका परिवारको निधनमा निःशुल्क दाहसंस्कार गरिएको उपमहानगर प्रमुख हेमकर्ण पौडेलले जानकारी दिनुभयो । विपन्न परिवारका सदस्यको निधनमा दाहसंस्कारका लागि आवश्यक दाउरा तथा अन्य सामग्रीसहित निःशुल्क दाहसंस्कार गर्दै आइएको उहाँले बताउनुभयो । यसअघि घरदेखि घाटसम्म शवबाहन निःशुल्क गरेको उपमहानगरले दाहसंस्कार गर्न आर्थिक अभाव भएकालाई इटहरीस्थित बूढीगङ्गा-जमुना मुक्तिघाटमा निःशुल्क दाहसंस्कार गर्न थालेको पौडेलले बताउनुभयो । आफ्नै खर्चले दाहसंस्कार गर्न नसक्नेका लागि यस्तो निर्णय गरिएको उहाँको भनाइ थियो ।

"मृत्युपछि गरिने अन्त्येष्टिमा आर्थिक समस्या भएर टायरमा शव जलाउनुपर्ने अवस्था नआओस् भनेर दाहसंस्कार गर्नुअघि नै दाउरा लगायतका आवश्यक सामग्री घाटमा निःशुल्क दिने यवस्था गरेका छौँ", पौडेलले भन्नुभयो, "साथै नगरवासीको मृत्यु भएमा घाटसम्म शव लैजान उपमहानगरले निःशुल्क रूपमा शवबाहन उपलब्ध गराउँदै आएको छ ।"

इटहरीका २० वटै वडामा कोहीकसैको मृत्यु हुँदा अन्तिम संस्कारका लागि शवबाहन तथा बिरामीलाई अस्पताल ल्याउन र लैजान एम्बुलेन्स सेवा निःशुल्क प्रदान गर्दै आएको उपमहानगरले जनाएको छ । रासस

## राजस्व सङ्कलन विधेयक प्रदेशसभामा प्रस्तुत हुँदै

विराटनगर । कोशी प्रदेश सरकार मन्त्रिपरिषद्को आजको बैठकले प्रदेशको राजस्व सङ्कलन विधेयक, २०८० प्रदेशसभामा प्रस्तुत गर्ने निर्णय गरेको छ । मुख्यमन्त्री केदार कार्कीको अध्यक्षतामा बुधबार भएको मन्त्रिपरिषद् बैठकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औं वार्षिक प्रतिवेदनका साथै अन्य आयोगका वार्षिक प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरेको हो ।

साथै बैठकले झापाको अर्जुनधारा नगरपालिकालाई जापानको इवाते प्रान्तको तोवो नगरसँग भगिनीसम्बन्ध कायम गर्न स्वीकृति दिएको बिनाविभागीय मन्त्री शम्शेर राईले जानकारी दिनुभयो । रासस

# बाहुनडाँगीमा सामूहिक फूलखेती

झापा । मेचीनगर नगरपालिका-४ ले यस वर्षको तिहार र छठपर्वलाई लक्षित गरेर सयपत्री तथा मखमली फूल बाहिरबाट आयात गर्नु नपर्ने गरी खेती गरेको जनाएको छ ।

मेचीनगर -४ वडाध्यक्ष अर्जुन कार्कीले वडाले महिलाहरूको समिति नै बनाएर सामूहिक फूलखेती गरेको बताउनुभयो । उहाँले वडाका हरेक नागरिकले घर-घरमै आफूलाई पुग्ने गरी सयपत्री फूल लगाएको र अपुगमा वडाले समेत खेती गरेका कारण यस वर्षको तिहारमा भारतबाट फूल आयात गर्नु नपर्ने बताउनुभयो । उहाँका अनुसार वडाले आफ्नै खर्चमा करिब १० कठ्ठा जमिनमा सयपत्री र मखमली फूलको खेती गरेको छ । फूलमा कोपिला लाग्न सुरु गरेकाले तिहारमा ढकमक्क फुल्ने उहाँले बताउनुभयो । वडा फूलमा आत्मनिर्भर बन्यो, विगतमा जस्तो तिहारमा माला खरिदका लागि भारतको पानीट्याङ्की धाउनु पर्दैन", उहाँले भन्नुभयो । मेचीनगर -९ का डिल्लीराम उप्रेतीले विर्तामोड नगरपालिका-६ बुट्टाबारीमा १५ कठ्ठा जमिनमा व्यावसायिक फूलखेती गर्नुभएको छ । उहाँले बाह्रै महिना सयपत्री फूलको खेती गरी आम्दानी गर्दै आउनुभएको छ । उहाँको बारीमा फुल्न लागेको सयपत्री फूलको मालाको तिहारका लागि माग आउन थालेको उहाँको भनाइ छ ।

यसैगरी कमल गाउँपालिका-२ मा सुवेदी इन्स्टिच्युट कृषि फार्मले सात कठ्ठा जमिनमा सयपत्री फूलको व्यावसायिक खेती गरेको छ । फार्मका सञ्चालक प्रवीन आचार्यले पहिलो चरणमै पाँच सय बढी माला निस्कने बताउनुभयो । उहाँले पहिलोपटक थाइल्याण्डबाट मगाएर हाइब्रिड जातका सयपत्री फूलको बीउ लगाएको बताउनुभयो ।

जिल्लामा बिभिन्न पालिकामा चाडपर्वलाई लक्षित गरेर सयपत्री फूल उत्पादन गर्ने गरिएको छ । चाडपर्वमा फूलको माग बढ्ने भएपछि त्यसैलाई लक्षित गरेर समूह तथा व्यक्तिगतरूपमा फूलको व्यावसायिक खेती हुने गरेको हो । मेचीनगर, भद्रपुर, विर्तामोड, कनकाई, दमक, गौरादह नगरपालिकालगायतका किसानले पाँच कठ्ठादेखि एक बिघा जमिनमा तिहारलाई लक्षित गरेर सयपत्री फूलखेती लगाएका छन् । विगतमा कृषि ज्ञान केन्द्रले समेत फूलको बेर्ना उत्पादनका लागि अनुदान प्रदान गर्दै आएको थियो ।रासस

# पीडितलाई केन्द्रमा राखेर सङ्क्रमणकालीन न्यायसम्बन्धी विवाद टुङ्ग्याइने

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पीडितलाई केन्द्रमा राखेर सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई राजनीतिक सहमतिका आधारमा यथाशीघ्र टुङ्गोमा पुर्‍याइने बताउनुभएको छ ।

नेकपा (एमाले) ले आज पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको चियापान कार्यक्रममा सञ्चारकर्मी प्रधानमन्त्रीले उक्त विषयमा प्रमुख दलका नेताहरुसँगको छलफल सकारात्मकरुपमा अघि बढेको जानकारी दिनुभयो ।

बुधबार एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग आफूले छलफल गरेको र छलफल सकारात्मक रहेको आफूले महसुस गरेको प्रधानमन्त्री दाहालले बताउनुभयो । उहाँले पीडितलाई केन्द्रमा राखेर सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुर्‍याउन आफूहरु स्पष्ट रहेको बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले राजनीतिक दलहरुले मुलुकको विद्यमान अवस्थाप्रति गम्भीर भएर कार्यसूचीका आधारमा एक ठाउँमा बसेर छलफल गर्नुपर्ने बताउनुभयो । उहाँले सबैको लक्ष्य मुलुकको समृद्धि भएकाले साझा चासोको विषयमा केन्द्रित हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, नेपाली कांग्रेसका सभापति देउवा, पूर्वप्रधानमन्त्रीद्वय झलनाथ खनाल, बाबुराम भट्टराई, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी, नेकपा (माले) का महासचिव सिपी मैनाली, नेकपाका महासचिव नेत्रविक्रम चन्दलगायत समाजका प्रतिष्ठित व्यक्तिको सहभागिता थियो । रासस

# रचनात्मक सहरका लागि चलचित्र विधा छनोट

काठमाण्डु । काठमाण्डु महानगरपालिकाले रचनात्मक सहरका लागि तोकिएका सात क्षेत्रमध्ये चलचित्र विधा छनोट गरेको छ । कामपाले चलचित्र विधाबाट काठमाण्डु युनेस्कोको रचनात्मक सहर सञ्जाल (क्रियटिभ सिटिज नेटवर्क) मा जोडिन उक्त विधा छनोट गरेको कामपाका प्रवक्ता नवीन मानन्धरले जानकारी दिनुभयो ।

"नेटवर्कमा आवद्ध हुन शिल्प तथा लोककला, सङ्गीत, चलचित्र, साहित्य, ग्यास्ट्रोनमी (खानाका परिकार), मिडिया कला र डिजाइनमध्ये कुनै एउटा विधालाई छान्नुपर्ने थियो", उहाँले भन्नुभयो, "रचनात्मक सहरका सबै विधा काठमाण्डुसँग सम्बन्धित छन् । चलचित्र विधाबाट सबै क्षेत्र समेट्न सकिने भएकाले यो विधा छनोट गरिएको हो ।"

प्रवक्ता मानन्धरले फरक दृष्टिकोण, अर्थव्यवस्था र संस्कृति भएका भिन्नभिन्न सहरलाई रचनात्मक सहरको सञ्जालमा जोडेर विकासको साझा दृष्टिकोण बनाउने रचनात्मक सहरको अवधारणा रहेको जानकारी दिनुभयो । उहाँका अनुसार यसवर्ष सञ्जालमा जोडिएकामध्ये काठमाण्डुसहित पाँच सहर चलचित्र विधामा छानिएका छन् ।

सङ्गीत विधामा १६, डिजाइनमा छ, शिल्प तथा लोककलामा सात, साहित्यमा १०, खानाका परिकारमा सात, मिडिया कलामा चार वटा सहर जोडिएका छन् । यसले सांस्कृतिक र रचनात्मक कलाअन्तर्गतका सबै कार्यक्रम र गतिविधि कार्यान्वयन गर्नेछन् ।

"जनजीवन, भूगोल, बस्ती र सांस्कृतिक मूर्तअमूर्त सम्पदासँग जोडिएका ऐतिहासिक र पुरातात्विक रोचक कथाका कारण काठमाण्डुलाई रचनात्मक सहरका रूपमा हेर्ने गरिएको छ", मानन्धरले भन्नुभयो, "जात्रा पर्व, मौलिक वेषभूषा, खानपान काठमाण्डुसँग जोडिएर आउने बिम्ब हुन् ।"।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन बृद्धि सञ्चय । |
| कुम्भ | : भ्रमण अवसर हुने । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘१८ वर्षीया युवती एकघण्टे शिक्षामन्त्री बनिन्’


**टुडे समाचारदाता**

जनकपुरधाम । ‘रिल’ मा एक दिनका लागि मन्त्री/मुख्यमन्त्री बनेका घटना र दृश्य अहिलेको ‘भर्चुअल’ समाजका लागि नौलो होइन । यो धनुषाको जनकनन्दिनी गाउँपालिकाकी १८ वर्षीया किशोरी रजीना खातुनका लागि पनि ‘रिल’मा नौलो विषय होइन । तर ‘रिल’ मा देखे सुनेको घटना वास्तविक (रियल) मै आफ्नो जीवनमा आउला भन्ने कुरा रजीनाले कल्पनासमेत गर्नुभएको थिएन ।

बुधबार उहाँको जीवनमा कल्पना नगरेकै घटना भयो अर्थात् रजीना एक घण्टाका लागि मधेस प्रदेश सरकारको शिक्षा तथा संस्कृतिमन्त्री बन्नुभयो । कहिल्यै मन्त्रालय नटेकेकी १८ वर्षीया युवती एकाएक मन्त्री बनेपछि एकछिन अक्मकिइन् । जब प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादवले आफू बसेको कुर्सी खाली गरेर रजीनालाई जिम्मेवारी हस्तान्तरण गर्नुभयो तब यो घटनाले स्वयं रजीना र उहाँसँगै आएका बालिकाहरूले हर्षविभोर हुँदै ताली पड्काए ।

कलिलो उमेरकी किशोरी अर्कोतर्फ सीमान्तकृत मुस्लिम समुदायकी एक महिला । प्रदेश सरकारले पहिलो पाँचवर्षे कार्यकाल सकेर दोस्रो कार्यकालको एक वर्ष बितिसक्दा पनि अहिलेसम्म सो समुदायबाट कुनै पनि महिलाले मन्त्री बन्ने अवसर पाएका छैनन् । यहीबेला मुस्लिम समुदायकी एक किशोरी मन्त्री बनेपछि माहोल एकछिन खुसीसँगै स्तब्ध बन्यो । रजीना बेलबेला भावुक बन्नुभयो ।

“मन्त्रालय र मन्त्री बस्ने कोठा कस्ता हुन्छन् भनेर नदेखेकी म एकाएक मन्त्री भएपछि सपनाजस्तै लागिरहेको छ”, मलीन मुद्रामा उहाँले भन्नुभयो, “यो जिम्मेवारी मेरो र आम किशोरीहरूको आत्मसम्मान, अवसर र सहभागिताको एक अभिव्यक्ति पनि हो ।” यो घटना न रिलमा हो न रियलमा । अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा गत ११ अक्टोवरदेखि सुरु भएको ‘गर्ल्स टेक ओभर’ अर्थात् ‘ बालिका तथा किशोरीलाई पद हस्तान्तरण’ कार्यक्रमअन्तर्गत बुधबार प्रतिकात्मक रूपमा रजीनालाई एकघण्टे मन्त्री बनाइएको हो । यो अभियान सञ्चालन गरिरहेको प्लान इन्टरनेसनल नेपालका अञ्जु शाक्यले किशोरी सशक्तिकरणको एक नियमित अभियानअन्तर्गत यस्तो अभ्यास गरिएको जानकारी दिनुभयो ।




“अन्तर्राष्ट्रिय बालिका दिवसका अवसरमा अक्टोबर ११ देखि विभिन्न सरकारी निकाय, सङ्घसंस्था, मिडिया, दूतावास, शैक्षिक संस्थालगायतमा एक दिनका लागि प्रमुख व्यक्तिको कार्यभार किशोरीलाई हस्तान्तरण गर्ने अभियान चलिरहेको छ”, शाक्यले भन्नुभयो, “यो कार्य देशका विभिन्न सात जिल्लाका ५० जना किशोरीहरूले विभिन्न संस्थामा ५० पदको नेतृत्व लिइसक्नुभएको छ । जिल्ला, प्रदेश, सङ्घीयस्तरमा हुने प्रत्येक पदभार ग्रहणको समयमा किशोरीमाथि लगानी, समावेशितामा आधारित किशोरी लक्षित कार्यक्रम र किशोरी तथा युवा महिलाको शक्ति र नेतृत्वका बारेमा संस्थाको प्रतिबद्धता रहने र हुनुपर्नेमा छलफल हुने गरेको छ ।”

उहाँका अनुसार सोही अभियानअन्तर्गत मधेस प्रदेशमा पनि ‘ बालिका तथा किशोरीलाई पद हस्तान्तरण’ कार्यक्रम भइरहेका छन् । बुधबार बिहान आयोजित उक्त कार्यक्रममा प्रदेश सरकारका शिक्षामन्त्री यादव पनि कार्यक्रम अवधिभरसँगै रहनुभयो । सो क्रममा मन्त्रीको हैसियतमा रजीनाले मन्त्रालयका योजना, गतिविधि र कार्यक्रमबारे जानकारी लिनाका साथै सहभागी अन्य सहकर्मीबाट प्रश्नोत्तर शैलीमा जिज्ञासासमेत सुन्नुभयो ।

जवाफमा मन्त्री रजीनाले भन्नुभयो, “मन्त्रालयका योजना सुनेर मलाई खुसी लागेको छ । तर हाम्रो गाउँघरमा सामुदायिक विद्यालयको अवस्था नाजुक छ । पर्याप्त कक्षाकोठा, टेबुल कुर्ची, शौचालय छैनन् । किशोरीहरूलाई महिनावारी भएका बेला विद्यालय जान निकै कठिन भइरहेको छ । प्याड दिने भनिए पनि हामीले आवश्यकतानुसार पाएका छैनौं । त्यसकारण भौतिक पूर्वाधार र गुणस्तरीय शिक्षण सिकाइमा विशेष ध्यानदिन म आग्रह गर्दछु ।”


रजीनाको आत्मविश्वास मिश्रित गुनासो, अपेक्षा र पीडा प्रत्यक्ष हेरिरहनुभएका मन्त्री यादवले युवतीहरूलाई भविष्यमा नेतृत्व लिन र आत्मविश्वास बढाउनमा यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुर्‍याउने धारणा राख्नुभयो । “मधेस प्रदेश सरकारले किशोरीहरूका लागि बेटी पढाऊ, बेटी बचाउ, छोरी शिक्षा, छोरी बीमा, साइकल वितरणलगायतका योजनाहरू ल्याएको छ”, उहाँले भन्नुभयो, “ती योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि ध्यान दिँदादिँदै पनि सबै ठाउँका समस्या समाधान गर्न सकिएको छैन । म नेतृत्वमा रहुन्जेल तपाईंहरूका गुनासा सम्बोधनको प्रयास गर्नेछु ।”

प्लान इन्टरनेसनल नेपालको पूर्वी क्षेत्रीय कार्यालय जनकपुरका प्रबन्धक रविशङ्कर पण्डितले महिला सशक्तीकरणबारे सचेतना फैलाउन र अवसर पाएमा महिलाले पनि सबै जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न सक्छन् भन्ने सन्देश फैलाउने उद्देश्यले रजीनालाई एक दिनका लागि मन्त्री बनाइएको बताउनुभयो ।

“गर्ल्स टेक ओभर अभियानले बालिका तथा किशोरीलाई निर्णायक भूमिकामा राखी उनीहरूको विचार तथा जीवनमा भोगेका चुनौतीका बारेमा जानकारी लिन, उनीहरूका साझा सवालमा निर्णायकर्ता, नेता तथा परिवर्तनका संवाहकको दृष्टिकोण परिवर्तन गर्न सघाउ पुगोस् भन्ने हाम्रो उद्देह्यले हो”, पण्डितले भन्नुभयो । साथै किशोरीलाई सशक्त महसुस गराउन, उनीहरूलाई रोल मोडेलसँग साक्षात्कार गराउन र आफ्नो भविष्यका लागि प्रेरित गर्नका लागि यो अभियान सञ्चालन गरिएयको उहाँको भनाइ थियो ।

# एक सय ९५ स्थानीय तहले अस्पताल निर्माणको प्रक्रिया नै सुरु गरेनन्

काठमाण्डु । अझै एक सय ९५ स्थानीय तहले आधारभूत तहको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) पेस गरेका छैनन् । सरकारले दुई वर्षभित्र सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा पुर्‍याउनका लागि अस्पताल निर्माण गर्ने घोषणा गरे पनि ती स्थानीय तहले निर्माणको प्रक्रिया नै अगाडि बढाएका छैनन् ।




स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा डिपिआर पेस नगर्दा आधारभूत अस्पताल निर्माणको काम अगाडि बढ्न सकेको छैन । मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले डिपिआर पेस नगरेका ती स्थानीय तहमा अस्पताल निर्माणको काम हुन नसकेको बताउनुभयो । सरकारले २०७७/७८ को नीति तथा कार्यक्रममा सबै स्थानीय तहमा आधारभूत स्वास्थ्य पुर्‍याउने उद्देश्यले पाँच, दस र १५ शय्याका अस्पताल निर्माण गर्ने घोषणा गरेको थियो ।

सोही अनुसार सरकारले बजेट विनियोजन गरेपनि ती स्थानीय तहमा जग्गा नभएको र उपलब्ध जग्गामा पनि विवादले गर्दा अस्पताल निर्माणको प्रक्रिया अगाडि बढाउन नसकेका हुन् । सरकारले २०७७/७८ मा ३९६ र २०७८/७९ मा दुई सय ५९ आधारभूत अस्पताल निर्माण गर्नका लागि बजेट विनियोजन गरेको थियो । मन्त्रालयका प्रवक्ता डा बुढाथोकीका अनुसार अहिलेसम्म चार सय १३ स्थानीय तहले अस्पताल निर्माणको प्रक्रिया अगाडि बढाएका छन् । यस्तै २६ स्थानीय तहले सबै रकम लिएर अस्पताल निर्माणको अन्तिम प्रक्रियामा छन् ।

सरकारले पाँच शय्याका लागि रु सात करोड ११ लाख, दस शय्याका लागि रु दस करोड ८३ लाख र १५ शय्याका लागि रु १८ करोड छ लाख छुट्याएको छ ।

मन्त्रालयका अनुसार १५ शय्याको आधारभूत अस्पतालमा एक एमडिजिपी चिकित्सक (मेडिकल सुपरिटेन्डेन्ट), दुई मेडिकल अधिकृत, एक नर्सिङ अधिकृत, छ स्टाफ नर्स, पाँच हेल्थ असिस्टेन्टलगायत अन्य कर्मचारी गरी ३२ जना कर्मचारी रहने छन् ।

यस्तै दस शय्याको आधारभूत अस्पतालमा दुई मेडिकल अधिकृतसहित २२ र पाँच शय्याको आधारभूत अस्पतालमा एक मेडिकल अधिकृतसहित १८ जना कर्मचारी रहने छन् । सरकारले दुई वर्षभित्रमा अस्पताल निर्माण गर्ने लक्ष्य लिए पनि ती अस्पताल अझै सम्पन्न भइसकेका छैनन् ।

प्रवक्ता डा बुढाथोकीले पाँच वर्षभित्र सबै अस्पतालमा बन्ने बताउनुभयो । भूगोल र जनसङ्ख्याको आधारमा पाँच शय्याका ८० स्थानीय तह, दस शय्याको एक सय ५५ स्थानीय तह र १५ शय्याको चार सय २० स्थानीय तहले आधारभूत अस्पताल निर्माण गर्नेछन् । रासस

# कात्तिक कृष्णपक्ष लागेसँगै कुमालेको व्यस्तता

महोत्तरी । चन्द्रमासले कात्तिक कृष्णपक्ष लागेसँगै मधेशका महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा कुमाले जाति समुदायको व्यस्तता बढेको छ । यसपक्षको अन्त्यमा पर्ने दीपावली र त्यसलगत्तै सुरु हुने छठपर्वमा माटाका भाँडाको माग बढ्ने आशले कुमाले यो पक्ष लागेसँगै व्यस्त भएका हुन् ।

दीपावली र छठपर्वमा कलश राखिने भाँडा, दियो, घडा (गाग्रो) र छ्यूँाची (दही जमाउने भाँडा)र ढकनासहित नयाँ माटाका भाँडा प्रयोग गरिने मैथिल परम्पराअनुसार अहिले यी भाँडा बनाउने काम कुमाले समुदायको प्राथमिकतामा परेको हो । वर्षभरि अन्यबेला खासै प्रयोगमा आउन छाडेका माटाका भाँडा पर्वविशेषमा मिथिला परम्परामा अनिवार्य जस्तै मानिन्छ । पर्व विशेषमा बत्ती बालिने दियो, कलश राखिने अङ्खरा वा करुवा, पर्वका दही जमाइने छ्यूँाची, पर्वमा चढाइने सामग्री राखिने तौला र गाग्रीसहितका माटाका नयाँ भाँडा प्रयोग गर्ने स्थापित परम्परा छ । यस परम्पराले अहिले प्राचीन मिथिलाक्षेत्रका सबैजसो हटिया (बजार) मा अहिले माटाका भाँडाको बजार जम्दैछ । महोत्तरीको सुदूरउत्तरवर्त्ती मुख्य व्यापारिक केन्द्र बर्दिबासको मुख्यचोक र हटियामा अहिले २० वटाभन्दा बढी माटोका भाँडा पसल थापिएका छन् । अन्यबेला साप्ताहिक हाट लाग्ने दिनमात्र यी भाँडाका बजार लागे पनि अहिले कात्तिक कृष्णपक्ष सुरु भएसँगै दिनदिनै माटाका भाँडाको बजार जमेको बर्दिबास व्यापार सङ्घका महासचिव उत्तम श्रेष्ठ बताउनुहुन्छ ।



मिथिला क्षेत्रमा माटाका नयाँ भाँडा शुभकार्य गर्न उत्तम हुने धार्मिक, सांस्कृतिक र सामाजिक मान्यताले चाडपर्वमा यसको माग बढ्ने गरेको यस क्षेत्रका उद्यमी व्यापारीको भनाइ छ । दीपावली र छठपर्वमा पूजाआराधनामा प्रयोग गरिने सामग्री माटाकै भाँडामा राखनधरन गरिने परम्पराले माटाका नयाँ भाँडाको कारोबारमा वृद्धि भएको यस्ता भाँडा बनाउने पेसाका कुमालहरूको भनाइ छ ।

भाँडा बिक्री भएसँगै आफूहरूको दीपावली र छठपर्वको खर्च जोहो हुने गरेको कुमाल (माटाका भाँडा बनाउने मिथिला क्षेत्रका जातीविशेष) बताउँछन् । पर्वको मुख पारेर महोत्तरीका बर्दिबास, औरही, सीतापुर, रामगोपालपुर, गौशाला, सम्सी र जिल्ला सदरमुकाम जलेश्वरसहितका नगरमा माटाका भाँडाका स्थायी स्टल (पसल) नै राखिएका छन् । महोत्तरीबाहेकका मधेश प्रदेशका अन्य जिल्लाका बजारमा पनि माटाका भाँडा बिक्री हुँदै आएका छन् । माटाका भाँडा-वर्तनको बिक्रीका लागि दिवाली र छठ पर्वपूर्व उपयुक्त बेला मानिन्छ । विगतमा घर व्यवहार प्रयोजनमा बाक्लै माटाका भाँडा प्रयोग गरिने भए पनि अब दैनिक प्रयोजनमा यसको प्रयोग हुन छाडेको छ । यसैले चाडपर्वका लागि मात्र यसको माग हुने गरेको कुमाले बताउँछन् । मिथिलामा दीपावली, छठ, चौरचन र दसैँ माटाका नयाँ भाँडाको माग हुने मुख्य पर्व भए पनि यसको छुट्टै बजारको चहलपहल चाँही दीपावली र छठपर्वको मुखमा हुने गरेको छ । मिथिला क्षेत्रमा दुई दशक पहिलेसम्म माटाका भाँडा दैनिक प्रचलनमा रहे पनि त्यसयता प्लास्टिकका भाँडाको प्रयोग बढेपछि आफूहरूको व्यवसाय चाडपर्व विशेषमा खुम्चिएको कुमाले बताउँछन् ।रासस

# फोहोर फ्याँक्नेहरूबाट महानगरले उठायो रु छ लाख जरिवाना

वीरगन्ज । वीरगन्ज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को तीन महिनामा जरिवानावापत रु छ लाखभन्दा बढी राजस्व सङ्कलन गरेको छ ।

सडकमा जथाभावी फोहर फ्याँक्नेसँग गत २०७९ पुस १७ गतेदेखि जरिवाना तिराउन सुरु गरेको महानगरपालिकाले चालु आव २०८०/८१ को साउनदेखि हालसम्म बिभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट रु छ लाख १७ हजार जरिवाना सङ्कलन गरेको हो ।




महानगर क्षेत्रलाई सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यका साथ नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याल्नेलाई जरिवाना गर्दै आएको मधेस प्रदेशको एकमात्र महानगरपालिका वीरगन्ज महानगरपालिकाले सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दासमेत चलाउने तयारी गरेको छ ।

महानगरका सडक तथा गल्लीमा जथाभावी फोहर फ्याल्नेसँग जरिवाना तिराउँदै आएको महानगरपालिकाले अब जरिवानासँगै फोहर फ्याँक्नेउपर सार्वजनिक अपराध कसुरसम्बन्धी मुद्दा चलाउने तयारी गरेको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फद्दिन मियाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत आव २०७९/८० मा जरिवानाबाट रु १५ लाख ३६ हजार पाँच सय पाँच राजस्व सङ्कलन भएको छ । “घर, पसल र कार्यालयबाट निस्कने फोहर जतातत्तै फ्याँक्ने स्थानीयहरूमा प्रवृत्ति छ”, सरसफाइ शाखा प्रमुख मियाँले भन्नुभयो, “त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौँ ।” यो अभियानलाई थप प्रभावकारी बनाउन सार्वजनिक मुद्दा चलाउने योजना बनाएको उहाँको भनाइ छ । सफा, स्वच्छ र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको छ । महानगरपालिकाको वडा नं १ देखि ३२ वटै वडामा वीरगन्जस्थित पृथी तारा एमके इनरनेसनल जेभीसँग गत २०७६ साल जेठ २ सम्झौता गरी नियमित सरसफाइ गर्दै आएको छ । विगतमा डम्पिङ साइट नहुँदा फोहरमैला व्यवस्थापनमा समस्या हुँदै आएकामा चार वर्षअघि महानगरले आफ्नो डम्पिङ साइट बनाएपछि फोहरमैला व्यवस्थापनमा अहिले कुनै समस्या नरहेको उहाँले बताउनुभयो । विगत केही वर्षअघिसम्म अस्तव्यस्त र दुर्गन्धित नगरका रूपमा परिचित महानगर क्षेत्रलाई सरसफाइ दृष्टिले मुलुककै नमूना महानगर बनाउने लक्ष्यका साथ योजना अघि बढाइएपछि यतिबेला वीरगन्ज महानगर क्षेत्र सफा र सुन्दर देखिन थालेको हो ।

सामानसहित ट्रक नियन्त्रणमा

बिलबिजकभन्दा बढी लोड गरेको तयारी कपडा तथा विद्युतीय सामानसहित पर्सा प्रहरीले ट्रक निन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले वीरगन्ज महानगरपालिका-१४ गण्डकस्थित सडकखण्डबाट बिलबिजकभन्दा बढी सामान लोड गरेको ना३ख ४६५१ नम्बरको ट्रक नियन्त्रणमा लिएको हो । बिलविजकभन्दा बढीका सामान बोकेको ट्रक वीरगन्जबाट झापातर्फ जाँदै गरेको गोप्य सूचनाका आधारमा रोकेर जाँच गर्दा बिलबिजक शङ्कास्पद देखिएकाले ट्रक नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिनुभयो ।रासस

# विमानस्थलबाट फर्काएकासँग नक्कली कागजात

काठमाण्डु । भ्रमण भिषामा विदेश जान लागेका माथि शङ्का लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट फर्काएकासँग नक्कली कागजात र शैक्षिक प्रमाणपत्र रहेको फेला परेको छ । उनीहरूलाई गिरोहको समूहले नक्कली कागजात र शैक्षिक प्रमाणपत्र बनाएर भ्रमण भिसामा विदेश पठाउन लागेको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ ।

काठमाण्डु उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले विमानस्थलको अध्यागमन कार्यालयले शङ्का लागेर पठाइएका उनीहरूमाथि अनुसन्धान गर्दा सो तथ्य खुलेको जानकारी दिनुभयो ।

विमानस्थल कार्यालयले गत असोज २९ गते ती व्यक्तिका कागजातहरू पठाएको थियो । उक्त कागजातमध्ये केही उच्च माविका शैक्षिक प्रमाणपत्र नक्कली देखिएकामा उक्त कागजात बनाउने उदयपुर घर भई पेप्सीकोला बस्ने आशिष श्रेष्ठ र काभ्रेपलाञ्चोकको पाँचखाल घई भई सिनामङ्गल बस्ने २८ वर्षीय जीवराज तामाङ रहेका पाइएको छ । उनीहरूले पीडितबाट रु पाँच लाख लिई विमानस्थलमा सेटिङ मिलाई विदेश पठाउन खोजेको भेटिएको पनि प्रहरीले जनाएको छ ।

पक्राउपछि उनीहरूसँग खानतलासी गर्दा मोबाइल दुई थान, रु ९५ हजार र जेम्स दामदाली नामको राहदानीसमेत फेला परेको छ । रेग्मीका अनुसार यसैगरी विमानस्थलबाट फर्काएका अर्का व्यक्तिको कागजात अध्ययन गर्दा राहुलकुमार मण्डलको नामको कक्षा १२ को ‘ट्रान्सक्रिप्ट’ नक्कली फेला परेको छ ।

उक्त कागजात बनाउने काठमाडौँ बस्ने साइरस विसङ्खेलाई पनि पक्राउ परी आवश्यक अनुसन्धान थालिएको छ । नयाँ बानेश्वरमा ग्राफिक डिजाइनिङ एन्ड प्रिन्टिङ सर्भिस सञ्चालन गर्दै आएका विसङ्खेका उक्त प्रिन्टिङ सर्भिस खानतलासी गर्दा केही शैक्षिक प्रमाणपत्रहरू बरामद गरिएको छ ।रासस

# भरतपुर अस्पतालमा अतिविशिष्टिकृत सेवा

चितवन । भरतपुर अस्पतालमा १२ विभागमा अतिविशिष्टिकृत सेवा दिन थालिएको छ । अठार जना डिएम, एमसिएच र फेलोसिप गरेका विशेषज्ञ चिकित्सकले यो सेवा दिँदै आएका छन् ।




अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट प्रा डा कृष्णप्रसाद पौडेलका अनुसार दिउँसो १ बजेपछि उनीहरूले अस्पतालभित्रै रू पाँच सय टिकट लिएर अतिविशिष्टिकृत सेवा दिने गरेका छन् । यो सेवा सञ्चालनमा आएसँगै थप बिरामी लाभान्वित हुने गरेका उहाँको भनाइ थियो ।

“एमडि गरेपछि डिएम र एमसिएच गर्न तीन वर्ष थप अध्ययन गर्नुपर्दछ भने फेलोसिपका लागि कम्तीमा एकवर्ष थप अध्ययन गरेको हुनुपर्दछ । अस्पतालमा दिउँसो १२ बजेसम्म तीन चिकित्सकले बहिरङ्ग सेवा (ओपिडि) मा बिरामी हेर्ने गर्दछन्”, पौडेलले भन्नुभयो, “१ बजेपछि अति विशिष्टि सेवा सुरु हुन्छ ।” उहाँका अनुसार जनरल बहिरङ्ग सेवामा एक जना चिकित्सकले एक दिनमा ४० जना बिरामी हेर्ने गर्दछन् ।

पालो नपाएकाहरूले अतिरिक्त रू पाँच सय शुल्क तिरेर ती चिकित्सकसँग सेवा लिनसक्ने पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “अतिविशिष्ट सेवा पेइङ्( पैसा तिरेर लिने सेवा)मा लिँदै गर्दा पनि बिरामीले अन्य सुविधा सरकारी अस्पतालकै पाउने भएकाले न्यून खर्चमा उपचार लिन सकिन्छ ।”

अतिविशिष्ट सेवा दिने चिकित्सकलाई महिनामा एक/दुई पटक बोलाएर निजी क्लिनिकमा सेवा दिने गरिएकामा सरकारी अस्पतालमा नै यो सेवा पाएसँगै बिरामी थप लाभान्वित भएका छन् । अस्पतालमा मुटुरोगका चार, न्यूरो सर्जन एक, न्यूरो मेडिसिन एक, मिर्गौला दुई, कलेजो एक, पेटसम्बन्धी एक र मूत्ररोगसम्बन्धी एक जना अति विशिष्ट सेवा दिने चिकित्सक छन् ।

हर्मनरोग एक, स्पाईनल सर्जरी दुई, जोर्नी प्रत्यारोपण एक, दुर्विनबाट जोर्नीको शल्यक्रिया गर्ने दुई जना र नवजात शिशुसम्बन्धी एक जना अति विशिष्ट सेवा दिने चिकित्सक रहेका पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार १८ अति विशिष्ट सहित ९६ जना विशेषज्ञ चिकित्सक र एक सय दुई मेडिकल अफिसर अस्पतालमा कार्यरत छन् भने नर्सको सङ्ख्या सात सयको हाराहारी छ ।रासस

## आशयपत्रका लागि सूचना


प्रथम पटक प्रकाशित मितिः २०८०।०७।१६ गते

जानकी महिला जागरण समाज (JWAS) ले प्लान ईन्टरनेशनल नेपालसँगको साझेदारी र धनुषा जिल्लामा कार्यक्रम सञ्चालित पालिकाहरुसँगको समन्वयमा धनुषा जिल्लाको सबैला, शहिदनगर, विदेह, कमला र जनकनन्दनी पालिकाहरुमा सञ्चालित दक्ष युवा परियोजना अन्तर्गत १८ देखि २४ वर्ष उमेर समूहका युवाहरूलाई रोजगार तथा स्वरोजगार मुलक तालिमहरू (CTEVT मान्यता प्राप्त) प्रदान गर्नका निम्ति यस संस्थालाई यसै सूचना बमोजिमको Term of Reference(ToR) मा उल्लेख भएका तालिमहरू आवश्यक्ता अनुसार एकै पटक वा पटक पटक गरी सञ्चालन गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक इजाजत प्राप्त सेवा/तालिम प्रदायक दर्तावाला फर्म, कम्पनी एवं संस्थाहरूबाट यस संस्थाको तल उल्लेखित कार्यालयको ठेगानामा पेश गर्ने गरी संस्थागत विवरणका साथै प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको सिलबन्दी आवेदन आगामि मिति २०८० कार्तिक २४ गते कार्यालय समय भित्र पेश गर्नका लागि आह्वान गर्दछौं ।

१. आवेदनयस जानकी महिला जागरण समाज (JWAS) को जनपुरधाम उपमहानगरपालिका वडा नं ४, कटैयाचौरी जानेबाटो स्थित कार्यालयमा तोकिएको मितिसम्म कार्यालय समय विहान १०:०० बजेदेखि साँझ ०५:०० बजेसम्म पेश गर्न सकिने छ ।
२. सम्बन्धित सेवाप्रदायक/तालिमप्रदायकले दर्ताको लागि पेश गरेको सिलबन्दी आवेदन सहितको खाम बाहिर आफनो फर्म, कम्पनी वा संस्थाको नाम, ठेगाना र आवेदनको प्रयोजन समेत उल्लेख गर्नु पर्ने छ ।
३. सम्बन्धित सेवाप्रदायक/तालिमप्रदायकले तयार गरेको प्राविधिक तथा आर्थिक प्रस्ताव अनिवार्य रुपमा अलग अलग खाम भित्र सिलबन्दी गरी दुवै सिलबन्दी खामलाई अर्को एउटा खाम भित्र पून सिलबन्द गरी पेश गर्नु पर्ने छ ।
४. आवेदनकालागि इच्छुक सेवा/तालिमप्रदायकहरुले आर्थिक प्रस्तावको ढाँचा, सञ्चालन हुने तालिमहरुको विवरण सहितको Terms of reference (ToR) प्राप्त गर्न यस संस्थाको vacancyjwas@gmail.com इमेल ठेगानामा इमेल मार्फत अनुरोध गरेमा यथा सक्य चाँडै इमेल मार्फत नै उपलब्ध गराइनेछ ।

**प्राविधिक र आर्थिक प्रस्ताब सहितको आवेदन साथ संलग्न गर्नुपर्ने अनिवार्य कागजातहरुः-**

क) कम्पनि तथा फर्म नविकरणको कागजातको प्रतिलिपि
ख) आर्थिक वर्ष २०७८।०७९ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि
ग) PAN वा VAT दर्ताको प्रमाणपत्रको प्रतिलिपि
घ) कम्पनि तथा फर्मको प्रोफाइल
ङ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) सँगको आवद्धताको प्रमाण पत्रको प्रतिलिपी



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# औचित्यहीन बृहत्तर

बृहत्तर जनकपुर क्षेत्र विकास परिषदलाई खारेज गर्ने सरकारको निर्णय प्रशंसनीय छ। बृहत्तरले पछिल्लो समयमा अनेकौ विवादमा परेको छ। बृहत्तरका एकजना पूर्व अध्यक्ष दिगम्बर राय भ्रष्टाचार मुद्दामा दोषी ठहरिएका छन् । अझै पनि बृहत्तरको दर्जनौं मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान लगायतका निकायहरुमा छन् । बृहत्तरका अध्यक्ष र कार्यरत कर्मचारीहरुबीच समन्वय अभावमा काम भइरहेको छैन् । चालु आर्थिक वर्षमा बृहत्तरका लागि अर्थ मन्त्रालयले बजेट नै विनियोजन गरेको छैन्। पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले कर्मचारीहरुलाई साउनदेखि हालसम्म तलव सुविधासमेत उपलब्ध गराएको छैन् । अध्यक्ष अत्यन्त विवादास्पद बनेका छन् । बृहत्तरले स्थापनाकालदेखि नै उद्देश्य अनुरुपको कार्य गर्न नसकेको अर्थ मन्त्रालयको ठहर छ । चालु आर्थिक वर्षको बजेटको ४७ नम्बर बुंदामा बृहत्तर खारेजको व्यवस्था गरेको छ । बृहत्तर खारेजीको प्रक्रियालाई मंसिर मसान्तसम्म टुंग्याउन अर्थ मन्त्रालयले पर्यटन मन्त्रालयलाई दिएको निर्देशन अनुरुप कार्य अगाडि बढेको छ । पर्यटन मन्त्रालयका अधिकारीहरुले अर्थको पत्र प्रक्रियामा अगाडि बढिसकेकाले समयमै खारेजी सम्बन्धी निर्णय हुनेछ । बृहत्तरमा सबै भन्दा बढी अध्यक्ष र कार्यकारी निर्देशकबीचको झगडा हो । कयौं अध्यक्ष र कार्यकारी निर्देशकबीच कुटाकुट नै भएको हो । बृहत्तरको कारण वर्षमा कयौं मुद्दा अख्तियारमा थपिने र जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालयमा विवाद पुग्ने गरेका छन् । त्यहाँ विवाद हुनुको प्रमुख कारण कार्यालयको बजेट नै हो । सरकारले उपलब्ध गराउने बजेटमा अनियमितता गर्न समन्वय हुँदा सम्म ठिक रहने र तालमेल बिग्रदा मुद्दा मामिला कुटाकुटसम्म हुने गरेको छ । बृहत्तरले प्रमुख रुपमा गर्ने काम मिथिला माध्यमिक परिक्रमा क्षेत्र हो । स्थापनाकालदेखि नै बृहत्तरले प्राथमिकतामा माध्यमिक परिक्रमा क्षेत्रलाई राखेको हो । तर परिक्रमा सडकको विकास अझै हुन सकेको छैन् । बृहत्तरले कनिका छरे जस्तो मठमन्दिरहरुमा बजेट दिने र कमिसन खाने बाहेकका कामहरु हुन सकेको छैन् । विषम आर्थिक अवस्था रहेको बेला जनताले तिरेको करबाट भ्रष्टाचार गर्न विवाद भइरहने निकायलाई मलजल गर्नुको कुनै औचित्य छैन् । बृहत्तरलाई खारेज गर्ने प्रक्रियालाई तत्काल टुंगो लगाउनु पर्छ। त्यो संस्थालाई प्रदेश अथवा जनकपुरधाम उपमहानगरपालिकाले स्वामित्व लिन चासोसमेत देखाएको छैन् । प्रदेश सरकारले एक पटक उपलब्ध गराएको झण्डै १४ करोड रुपैयाँमा भारी अनियमितता भएपछि प्रदेश सरकार पछि हटेको छ।

# नेपाली राजनीतिक चरित्रको भुमरीमा सामाजिक संरचना



रूजित काँले

सामाजिक संरचना भनेको सामाजिक संस्थाहरूको संगठित स्वरूप र संस्थागत सम्बन्धहरूको ढाँचा हो, जुन समाज परिवर्तन भएसंगै रचना भइरहन्छ । सामाजिक संरचना सामाजिक अन्तरक्रियाहरूको उत्पादन हो, जसले समाजमा मानवीय अनुभवका सम्पूर्ण आयामहरूलाई असर गर्छ । सामाजिक संरचनालाई संक्षेपमा बुझ्दा यो एक समाजमा विद्यमान रहेका विभिन्न एकाईहरूको सञ्जाल हो, जुन कुनै खास उद्देश्यको लागि बनाइन्छ वा कुनै उद्देश्यको लागि एकसाथ राख्ने गरिन्छ । समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि समाजद्वारा बनाइएको विविध एकाईहरूको एकअर्कामा अन्तर्निहित हुने समिष्टिगत स्वरूपलाई नै वास्तवमा सामाजिक संरचना भनिन्छ । यसले समाजलाई व्यवस्थित र संयमित बनाउने काम गर्दछ ।

समाजशास्त्रमा समाजशास्त्री हर्बर्ट स्पेन्सरले सामाजिक संरचनाको अवधारणा पहिलो पटक सन् १८७३ मा सार्वजनिक गरेका थिए । उहाँले, सामान्यतया समाजलाई शरीरसँग तुलना गरेका थिए । उहाँको अनुसार जसरी एउटा शरीर तन्तुहरू, मासी, रक्तकोष, कोषहरू , हाड लगायत विभिन्न तत्वहरू मिलेर बनेको हुन्छ, त्यसरी नै एउटा समाज सामाजिक संरचनाहरूको विविध एकाइहरू मिलेर बनेको हुन्छ ।

**सामाजिक संरचनामा वर्तमान नेपाली राजनीतिको नकारात्मक प्रभावलाई देहाय बमोजिमको तीन बुदामा वर्गीकरण गरिएको छः**

१. समाजको चेतनास्तर र शिक्षामा नकारात्मक राजनीतिक प्रभावले गर्दा सामाजिक संरचनामा उल्लेख्य परिवर्तन हुन सकेन ।

शिक्षा मात्र एक यस्तो हतियार हो जसले मानवीय चेतनास्तर मजबुद बनाउन मद्दत गर्दछ । विगतको समयमा नेपालको शिक्षा प्रणाली उल्लेख्य विकास हुन नसकेको कारण समाजमा चली आएका विभिन्न चलन, धर्म तथा प्रथाहरूलाई आधार मानी सामाजिक गतिविधि हुने र सोही बमोजिमको मानवीय चेतनास्तर हुने गरेको पाइन्थ्यो ।

त्यति बेलाको मानवीय चेतनास्तर कमजोर भएका कारणले जातको नाउँमा एक अर्कालाई विभेद गर्ने प्रचलन तीव्र थियो । मान्छेले मान्छेलाई पशुको जस्तो व्यवहार गरिन्थ्यो तर पनि सहजै स्वीकार हुने प्रचलन थियो । शिक्षा र चेतना थिएन, अलि बोल्न सक्ने र दुई चार पैसा भएका मान्छेहरू गाउँको साहुजी वा मुखिया बन्ने चलन थियो । मुखियाकै इसारामा गाउँ चल्नुपर्ने बाध्यता, सर्वसाधारण र तल्लो जात ठानिएका मान्छेहरूलाई श्रम शोषण तथा आर्थिक शोषण गर्ने प्रचलन थियो । साहुको घरमा हली बस्ने, कुटो कोदालो बनाउनेदेखि लिएर कपडा सिलाउने सम्म आ-आफ्नै बालीघरे भन्ने राख्ने गरेको पाइन्थ्यो । मानवीय चेतनास्तर कमजोर भएकै कारणले समाजमा चर्को विभेद थियो । शिक्षा एक चेतना, बुद्धि, ज्ञान, सीप र क्षमता प्राप्ति तथा अभिवृद्धि गर्ने औजार हो भने सिकाई तिनै चेतना, बुद्धि, ज्ञान, सीप र क्षमता प्राप्ति र अभिवृद्धि गर्ने प्रक्रिया हो । शिक्षा मात्र एउटा यस्तो तत्व हो, जसले मानवीय स्वभाव परिवर्तन गर्न सम्भव बनाउँछ । यसले सोचाईको दायरा फराकिलो बनाउँछ, जीवन जिउने कला र सीप सिकाउँछ, सामाजिक बनाउँछ, मानव बनाउँछ । सामाजिक संरचना आफै बलियो जब हुन्छ तब मानवीय चेतनास्तर बलियो हुन्छ । तर हाल नेपालमा साक्षरता दर र शिक्षित जमात बढे पनि मानवीय चेतना स्तरमा भने केही प्रतिशत बाहेक खासै परिवर्तन आएको देखिँदैन । त्यसै कारणले गर्दा आज नेपाली समाजको सामाजिक संरचना धरापमा पर्दै गएको देखिन्छ । नेपालको शिक्षा प्रणाली यति कमजोर भयो कि मानिसको चेतनास्तर बलियो बनाउनुपर्ने ठाउँमा झन्झन् कमजोर बनाउँदै लागेको अनुभूति हुन जान्छ ।

यसको मूल कारण हाम्रो देशको विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका शैक्षिक संस्थाहरू निहित राजनीतिक स्वार्थको निम्ति प्रयोग भएका छन् । आफ्नो राजनीतिक स्वार्थ पुरा गर्न र राजनीतिक मानप्रतिष्ठाका लागि विद्यालय तथा विश्वविद्यालय स्थापना भएका छन् । शिक्षकहरूको योग्यता बढ्दै जाने क्रममा उपल्लो तहको शिक्षक बन्न वा सुविधाको खोजी गर्ने उद्देश्यले विद्यालयको तह क्रमिक रुपमा थप्दै जाने र क्याम्पस खोल्ने प्रवृत्ति विद्यमान छ । विद्यालयमा पनि आवश्यक पर्ने भौतिक संरचना तथा मानवीय जनशक्ति नै नजुटाई तह वृद्धि गरी विद्यार्थी सिकाइलाई अवमूल्यन गरिरहेका छौं । शिक्षाले समाज परिवर्तन गर्छ, मन्त्र पढेर वा जादु गरेर होइन । शिक्षाले मानिसमा चेतना सिर्जना गर्छ । मानिसलाई मानवीय मूल्य र मान्यता प्रति जागृत गर्छ । अन्धविश्वासलाई पखाल्छ । तर किन नेपाली शिक्षाले यी लक्ष्य प्राप्त गर्न सकेन र आज एउटा अराजक संस्कृति र देशका विरुद्ध सत्ता र पैसाका लागि देशको अस्मिता नै लुट्ने नागरिक तयार पार्यो भन्ने प्रश्नले सबैको मगजमा सोच्न बाध्य पारेको छ । राजनीतिले शिक्षा नीति बनाउने भएकोले देशलाई विश्व सामु एक सफल राष्ट्र बनाउन राजनीतिकर्मीको अहम् भूमिका रहन्छ ।

आजको शिक्षा प्रणालीमा निरंकुश र फोहोरी राजनीतिकको चरम प्रभावको कारण शैक्षिक जनशक्ति बेरोजगारी,अल्पज्ञानी र अराजक बन्न पुगेको छ । शिक्षामा विद्यालयस्तरीय होस् वा उच्च शिक्षा राजनीतिले ग्रस्त छ । राजनीतिको फोहोरी खेलको अभ्यास गर्ने स्थानको रुपमा शिक्षण संस्था परिचित हुन थालिसकेका छन् । राजनीतिक दलको नेताहरूको चाकडीवाजको भूलैयामा अधिकांश विद्यार्थीले आफ्नो लक्षित गुणस्तरीय शिक्षा हासिल गर्नु भन्दा विद्यार्थी र जनताको हकहितको नाममा गरिने विभिन्न रुपका आन्दोलनमा संलग्न हुने गरेका छन् । कतिपयलाई आन्दोलनको मर्म र धर्मका बारेमा छेउ पुच्छर थाहा हुँदैन । आन्दोलनको दूरगामी असर समेत उनीहरूलाई जानकारी हुँदैन । अराजक, अभद्र र मर्यादित ज्ञान शिक्षा क्षेत्रमा देखापरेको छ । आज नेपालका राजनीतिक दलहरू शिक्षा क्षेत्र ध्वस्त पार्न तत्पर भएका छन् किनकि उनीहरूलाई सत्ता र कुर्सी बाहेक केही मतलब छैन । जनताले गतिलो आलोचनात्मक चेतसहितको शिक्षा पाएको खण्डमा भोलिको दिनमा आफ्नो र आफ्नो दलको अस्तित्व संकटमा पर्न सक्छ भन्ने डरले उनीहरू शिक्षा क्षेत्र कमजोर पार्न तत्पर छन् । शिक्षा क्षेत्रमा राजनीतिक प्रभाव चरम उत्कर्षमा पुगेकै कारण देशमा माटो सुहाउँदो र मौलिक शिक्षा प्रणालीको विकास हुन सकेन । उत्पादन, देशभक्ति र नैतिकता केन्द्रित शिक्षा प्रणाली नभएकै कारण समाजमा व्याप्त विकृति, अपराध र विसङ्गतिहरू बढ्दै छन्, जसका कारण सामाजिक संरचनाहरू झन् धरापमा पर्ने अवस्थामा पुगेको छ । समाज र देशलाई कसरी शैक्षिक चेतनशील वर्गले बनाउँछ भनेर सिकाउनु त परै जाओस्, व्यक्तिवादी बन्नुपर्छ, अरूको भलाइ हेर्नुहुँदैन, आफ्नो मात्र भलाइलाई प्राथमिकता राख्नुपर्छ, विलासी जीवन बिताउनुपर्छ, मोज मनोरञ्जन गरेर जीवन बिताउनुपर्छ भन्ने भास्यहरू आज नेपाली समाजमा तीव्र गतिमा बढ्दै गएको देखिन्छ किनकि यस्ता भास्यहरूलाई आजको शिक्षा प्रणालीले बुझेर सरकार र राजनीतिक दलहरूले समस्याको रूपमा बुझेर शैक्षिक नीतिमा परिवर्तन गर्न खोजेनन् जसका कारण आज समाजमा व्यक्तिवादी दृष्टिकोण बढ्दै गयो र मानवीय चेतनास्तर कमजोर भयो र सामाजिक संरचनाको परिवर्तन र बलियोपनको निर्माणमा यिनै सूचकहरू खतराको पाइलाहरू बन्न पुग्यो ।

२. राजनीतिक रूपमा हुने गरेको भ्रष्टाचारको लिएको चरम रूपले सामाजिक संस्थाहरूको संरचनामा नकारात्मक प्रभाव पारेको छ ।

भ्रष्ट र आचार शब्द मिलेर भ्रष्टाचार बनेको हुन्छ, अर्थात सामान्य रुपमा भन्दा भ्रष्टाचार भन्नाले खराब आचरण भन्ने बुझिन्छ । राजनीतिक परिवेशबाट विश्लेषण गर्दा, सार्वजनिक अहोदामा रहेका व्यक्तिहरूले व्यक्तिगत स्वार्थको लागि सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने प्रक्रियालाई भ्रष्टाचार भनिन्छ । जसरी ढल मिसिएको पानीले सर्वत्र नकारात्मक असर मात्र गर्दछ, त्यसैगरी भ्रष्टाचारले सामाजिक संरचनाको सबै अंगमा विषाक्त असर पार्दछ । भ्रष्टाचारले गर्दा राजनीतिमा अपराधीले आश्रय पाउने, देश विकासको लागि चाहिने बजेटको दुरुपयोग हुने, राजस्व चुहावट बढ्ने र सत्ताको दुरुपयोग हुने प्रवृत्ति बढ्दछ । समाजमा धनी र गरिबबीच खाडल फराकिलो हुने, विकासको गति सुस्त हुने, शिक्षाको गुणस्तर खस्कने, बेरोजगारी समस्या चुलिने, सरकारको उपस्थिति कमजोर हुने र आर्थिक असमानता बढेर सामाजिक तनाव विस्तार हुने प्रवृत्ति पनि भ्रष्टाचारका नतिजा हुन् । यतिमात्र नभएर भ्रष्टाचारले सामाजिक अपराध श्रृजना भएको पाइन्छ जस्तैः हिजोआज मानव तस्कर, चेलीबेटी बेचबिखन, देहव्यापार, गैह्र कानुनी हतियारको बिगबिगी र बैकिङ्ग क्षेत्रमा ठूलाठूला फ्रड (किर्ते एवं जालसाजी) भएका छन् । यी पनि भ्रष्टाचारकै प्रभाव हुन् । बढ्दो भ्रष्टाचारले कानुनहिनता र दण्डहिनता मौलाएर मुलुकमा नैतिक, सामाजिक, मानसिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिक, आर्थिक, आत्मीय र भावनात्मक पक्षहरूको विछन्न भई मुलुक असफल राष्ट्र हुन्छ ।

*भ्रष्ट र आचार शब्द मिलेर भ्रष्टाचार बनेको हुन्छ, अर्थात सामान्य रुपमा भन्दा भ्रष्टाचार भन्नाले खराब आचरण भन्ने बुझिन्छ। राजनीतिक परिवेशबाट विश्लेषण गर्दा, सार्वजनिक अहोदामा रहेका व्यक्तिहरूले व्यक्तिगत स्वार्थको लागि सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्ने प्रक्रियालाई भ्रष्टाचार भनिन्छ। जसरी ढल मिसिएको पानीले सर्वत्र नकारात्मक असर मात्र गर्दछ, त्यसैगरी भ्रष्टाचारले सामाजिक संरचनाको सबै अंगमा विषाक्त असर पार्दछ । भ्रष्टाचारले गर्दा राजनीतिमा अपराधीले आश्रय पाउने, देश विकासको लागि चाहिने बजेटको दुरुपयोग हुने, राजस्व चुहावट बढ्ने र सत्ताको दुरुपयोग हुने प्रवृत्ति बढ्दछ। समाजमा धनी र गरिबबीच खाडल फराकिलो हुने, विकासको गति सुस्त हुने, शिक्षाको गुणस्तर खस्कने, बेरोजगारी समस्या चुलिने, सरकारको उपस्थिति कमजोर हुने र आर्थिक असमानता बढेर सामाजिक तनाव विस्तार हुने प्रवृत्ति पनि भ्रष्टाचारका नतिजा हुन्।*

समाजशास्त्री ब्रोक्सले सन् १९०३ मा गरेको एक अध्ययनले जुन समाजमा सम्पत्तिलाई सबैभन्दा बढी महत्व दिइन्छ, त्यहाँ भ्रष्टाचारजन्य गतिविधिहरू जन्मिने र फैलने अनुकूल वातावरण पाउने तथ्य भेटेका थिए ।

World economic forum को एउटा प्रतिवेदनले प्रतिवर्ष विश्व अर्थतन्त्रले ३.६ ट्रीलियन अमेरिकन डलरभन्दा बढी अर्थात् विश्वको वार्षिक कुल ग्राहस्थ उत्पादकको ४% हाराहारीको रकम भ्रष्टाचारका रूपमा गुमाइरहेको तथ्याङ्क सार्वजनिक भएको छ ।

लेखक माइकल जोन्स्टोन र स्कट ए. फ्रिजेनको संयुक्त लेखनीको अनुसन्धान मूलक किताब "द कोनुन्ड्रम अफ करप्सन" ले सामाजिक न्यायको मूल्य प्रणाली र डिजिटल लोकतन्त्रको आधारभूत चरित्र नै भ्रष्टाचारको कारण खतरामा परेको कुरा उल्लेख गरेका छन् ।

सामाजिक न्यायको प्रमुख खतरा नै भ्रष्टाचार रहेको छ, जसले सामाजिक संरचनालाई दिन प्रतिदिन ध्वस्त बनाउँदै लगिरहेको छ । सुशासनको खम्बाहरू : पारदर्शिता, जवाफदेहिता र सामाजिक उत्तरदायित्वको दरार भ्रष्टाचार हुन् । करप्सन परसेप्सन इन्डिकेटर २०२२ मा दर्ज कुल १८० राष्ट्रमध्ये ११० औं स्थानमा नेपाल रहेको देखिन्छ ।

रोमानियाली राजनीति विषयका प्राध्यापक अलिना मुङ्ग्युपी.पी.डी ले आफ्नो किताब त्जभ त्रगभकत ायच नययम नयखभचलबलअभ मा सार्वजनिक मामिला व्यवस्थापन र साधनको विनियोजनमा देखिने राज्य संयन्त्रको अक्षमताले पनि भ्रष्टाचार बढाएको दाबी गरेकी छिन् ।

Asian dramaM An enquiry into the poverty of nation (Swish Economist Gunnar Mirdal) ले दक्षिण एसियाको देशहरूको सुशासनको आयामको बारेमा गरेको अनुसन्धान अनुसार,समाजशास्त्री वेबरले भनेझैं कर्मचारी तंत्र नै सुशासन प्रवर्द्धनको बाधक रहेको छ । राज्यको संयंत्रहरूमा राजनीतिक नियुक्ति हुने र अन्य राज्यको अंगहरूमा पनि व्याप्त रुपमा राजनीतिक चलखेल हुने हुनाले भ्रष्टाचार मौलाएको पाइन्छ ।

समाजशास्त्री ट्याल्कोट पार्सन्सले सामाजिक संरचनालाई विशेषत सामाजिक मूल्य मान्यतालाई आधार मानी निर्माण भएको हुन्छ भनी दाबी गर्छन् । भ्रष्टाचार यस्तो तत्व हो जुन मूल्य मान्यताको ठीक विपरीतको कार्य हो । जुन राजनीतिक आडमा टिकेको हुन्छ ।

समाजशास्त्रमा सामाजिक संरचना कुनै पनि मानव समाजमा अवस्थित सामाजिक सम्बन्धहरूको विशिष्ट, स्थिर प्रणाली हो । सामाजिक संरचना भनेको संस्थागत ढाँचा हो जसले मानिसहरू बीचको दोहोरिने, लयबद्ध (चाहे दैनिक, साप्ताहिक वा वार्षिक) अन्तरक्रियामा क्रमबद्ध हुन्छ । सामाजिक संस्थाहरूले सामाजिक संरचनालाई सम्भव बनाउन आवश्यक व्यवस्था प्रदान गर्दछ । भ्रष्टाचार यस्तो तत्व हो जसले सामाजिक संस्थाहरूको गतिविधिहरूलाई क्षतविक्षत बनाउँछ, जसले सामाजिक संस्थाहरूको क्रियाशीलतालाई हटाई झन्झन् ती संस्थाहरूलाई कमजोर बनाइदिन्छ र सामाजिक संरचना ध्वस्त बनाउँछ । संगठन, परिवार, नातागोता जस्ता सामाजिक संरचनाको तत्वलाई मरे तुल्य बनाउँछ । जहाँ निरंकुश राजनीतिक शक्तिको हावी हुन्छ त्यहाँ यो सबै लक्षणहरू देखिन्छ । आज नेपालको राजनीतिक शक्ति यस्तै बाटोतर्फ मोडिएको हुनाले सामाजिक संरचनाहरूमा दिन प्रतिदिन नकारात्मक असर पर्दै गएको देखिन्छ ।

३) जवाफदेहिता र पारदर्शिताबिनाको राजनीतिक प्रणालीले सामाजिक संरचनालाई ध्वस्त बनाउँछ ।

जवाफदेहिता र पारदर्शिता सुशासनको प्रमुख खम्बा हुन् । राजनीतिक नेताहरूले नागरिकलाई आधारभूत सेवा उपलब्ध गराउन असफल भएकाले नेपालको राजनीतिमा खराब शासन प्रमुख चिन्ताको विषय हो । सरकारमा जवाफदेहिता र पारदर्शिताको अभाव छ, जसले गर्दा सार्वजनिक स्रोतको व्यवस्थापन कमजोर भएको छ । गरिबी, बेरोजगारी, कमजोर पूर्वाधारजस्ता मुलुकले सामना गरिरहेका प्रमुख समस्यालाई पनि राजनीतिक नेताहरूले सम्बोधन गर्न सकेका छैनन् । प्रभावकारी नेतृत्व र सुशासनको अभावले पनि व्यापक सामाजिक अशान्ति र अस्थिरता निम्त्याएको छ र देशको विकास र प्रगतिमा थप बाधा पुगेको छ ।

नेपाली राजनीतिज्ञहरूले आफ्नो व्यक्तिगत स्वार्थलाई राष्ट्रभन्दा अगाडि राखेको लामो इतिहास छ । उदाहरणका लागि, सडक, पुल, विमानस्थल जस्ता अतिआवश्यक विकास आयोजनाहरू राजनीतिक द्वन्द्वका कारण वर्षौंदेखि ढिलाइ भएका छन् । नेताहरू देश र जनताको हितमा काम गर्नुभन्दा पनि आफ्नो पद सुरक्षित गर्ने र आफूलाई समृद्ध बनाउनेतर्फ बढी चिन्तित भएका छन् । राजनीतिक प्रणालीमा जवाफदेहिता र पारदर्शिताको अभावले नागरिकमा विश्वासको कमी हुनुका सामाजिक संरचनाहरूमा दरार सिर्जना हुन पुगेको छ ।

समाजमा संगठित संरचनाहरूको स्वरूप अराजकता तर्फ धकेलिएको छ , यसको प्रमुख कारण जनउत्तरदायी राजनीतिक प्रणाली नहुनु हो । राजनीति मात्र समाजको यस्तो हतियार हो जसले सामाजिक संरचनालाई बलियो बनाई सामाजिक स्थायित्व कायम राख्न सक्छ तर नेपालको राजनीतिक प्रणालीको भू सतहदेखि नै कमजोर छ किनकि नेपालको राजनीतिक प्रणालीको संरचना मौलिक नभई आयातित हो, जसले सामाजिक संरचनाहरूलाई दखल पुर्याएको छ । यी विषयहरूप्रति गम्भीरता र प्रतिबद्धताको कमी नै देशले प्रगति गर्न र आफ्ना नागरिकहरूको जीवनस्तरमा सुधार गर्न असफल हुनुको प्रमुख कारण हो । जबसम्म राजनीतिज्ञहरूले राष्ट्रको हितलाई प्राथमिकतामा राख्दैनन्, तबसम्म देश आर्थिक र सामाजिक समस्यासँग र सामाजिक संरचना बदल्न सङ्घर्ष गरिरहनेछ । पछिल्लो समयमा आफूलाई समाजको अपेक्षाअनुरूप समय सापेक्ष परिमार्जन गर्न नसक्नु, आ-आफ्नो राजनीतिक दलमा सहि स्कुलिङ स्थापना गर्न नसक्नु, लोभ-लाप र विलापभन्दा माथि उठ्न नसक्नु, बेइमान मस्तिष्कहरूको साँघुरो घेराभन्दा बाहिर समाजको वास्तविक चित्र हेर्न नसक्नु वा भनौं समाजको पिंधसँग जोडिन नसक्नुजस्ता विकृतिले गर्दा सामाजिक संरचनाको परिवर्तनको गतिमा आम मानिसहरूको दिन प्रतिदिन आत्मविश्वास गुम्दै गएको अवस्थालाई नकार्न सकिन्न ।

समाजको सामाजिक संरचना महत्त्वपूर्ण तत्त्व सामाजिक संस्था हो । यो समुदाय लागि स्थिरता प्रदान गर्न व्यक्तिहरूको संयुक्त गतिविधिहरूको आधारमा निर्मित संगठनको हो । यी सम्पूर्ण संस्थाहरूमा राजनीतिक घटकले प्रमुख भूमिका खेलेको हुन्छ । जब राजनीतिक प्रणाली उत्तरदायी र जवाफदेही हुँदैन तब यी संस्थाहरूको जग पनि कमजोर हुँदै जान्छ । यसले गर्दा सामाजिक संरचनामा थप क्षति पुर्याउँछ । उदाहरणको लागि नेपालको राजनीतिक प्रणालीको जवाफदेहिता र पारदर्शिताको कमीले गर्दा आज समाजमा रहेका विभिन्न सामाजिक संस्थाहरू जस्तै शिक्षा, अर्थतन्त्र, नीति , परिवार लगायतका अन्य संस्थाहरू समेत धरापमा परेका छन् । यसले गर्दा सामाजिक संरचनाहरूमा नकारात्मक प्रभाव परेको छ । (लेखक : रूजित काफ्ले काठमाडौं स्कुल अफ लका विद्यार्थी हुन् ।)

# कृषि उत्पादन वृद्धिमा कोरियाको सहयोग



छङ् ह्वाङ् गुन्

कोरिया र नेपालबीचको कूटनीतिक सम्बन्ध आगामी वर्ष ५०औं वर्षमा प्रवेश गर्दैछ। भौगोलिक रूपमा टाढा भए पनि नेपाल र कोरियाबीच धेरै ऐतिहासिक र सांस्कृतिक समानता रहेको छ । यसअवधिमा दुई देशबीच उच्चस्तरीय भ्रमणको आदानप्रदानदेखि विभिन्न आर्थिक सहयोग उपलब्ध भएको छ। विगत १५ वर्षदेखि कोरियाले नेपाललाई व्यावसायिक तालिम, स्वास्थ्य, कृषि र सूचना तथा सञ्चार प्रविधि केन्द्रित विकास सहायता प्राथमिकताका साथ उपलब्ध गराएको छ। बितेका ३० वर्षमा कोरियाली अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) ले एक सय ५७ विकास परियोजना कार्यान्वयन भएका छन् । रोजगारी अनुमति पद्धति (इपिएस) मा आबद्ध १६ देशमध्ये नेपाल यो वर्ष पहिलो नम्बर बनेको छ। यो वर्ष २० हजार नेपालीलाई कोरियामा काम गर्ने अवसर प्रदान गरिएको छ।

सन् २०२६ मा विकासशील देशमा स्तरोन्नति हुने नेपालको लक्ष्यमा आफ्नो देशले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छौं । अल्पविकसित राष्ट्रबाट उठ्ने तयारीमा रहेका नेपालका लागि कोरिया सधैं साझेदार रहनेछ। कोरियाले नेपाललाई व्यावसायिक तालिम, स्वास्थ्य, कृषि र सूचना तथा सञ्चार प्रविधि केन्द्रित विकास सहायता प्राथमिकताका साथ उपलव्ध गराएको छ । विगत ३० वर्षमा कोरियाली अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) ले एक सय ५७ विकास परियोजना कार्यान्वयन गरेको छ।

आगामी दिनमा अन्य क्षेत्रमा जस्तै कोरियाले नेपालको कृषि क्षेत्रमा पनि थप सहयोगलाई बढाउने नीति लिएको छ। म आफैं कृषक परिवारमा हुर्किएर सानैदेखि कृषकको सुख-दुःख लाई राम्रोसँग अनुभव गर्दै आएको छु । विश्वविद्यालयको अध्ययन पनि कृषि विषयमा नै गरेको हुनाले कृषि क्षेत्र विकासका लागि गहिरो अनुभव रहेको छ । कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या धेरै रहेको नेपालमा कृषिमन्त्रीको हैसियतमा पहिलो पटक भ्रमण गर्दा सकारात्मक ऊर्जा मिलेको छ।

कोरिया र नेपाल दुई देशको सम्बन्ध विगत लामो समयदेखि नै अत्यन्त सुमधुर रही आएको छ । नेपाललाई आवश्यक पर्दा कोरिया सरकार र जनताले नेपालका विभिन्न क्षेत्रमा हातेमालो गर्दै आएको छ । हामी दुई देशबीच सांस्कृतिक रूपमा पनि समानता रहेको छ । नेपालको प्राकृतिक सौन्दर्यता अवलोकनका लागि तथा धार्मिकस्थल भ्रमणका लागि ठूलो सङ्ख्यामा कोरियाली पर्यटकहरूले नेपाल भ्रमण गरिरहेका छन् । हिमालयको पदयात्रा र बुद्धको जन्मस्थल लुम्बिनीको तीर्थयात्राका लागि बर्सेनि ३० हजार कोरियन नेपाल आउने गर्दछन् । नेपालबाट पनि लामो समयदेखि कोरियाको औद्योगिक तथा कृषि क्षेत्रमा काम गर्न तथा अध्ययन व्यवसायका लागि ठूलो सङ्ख्यामा नेपालीले कोरियामा आवतजावत गरिरहेका छन् । कोरियाबाट कृषि क्षेत्रमा काम गरेर फर्किएका अधिकांश नेपालीले कृषि क्षेत्रमा कोरियाबाट सिकेको सीपको उपयोग गरिरहेको पाइन्छ । मलाई लाग्छ नेपाल भौगोलिक र मौसमका हिसाबले विश्वमा उब्जनी हुने सबै किसिमका कृषिजन्य वस्तुको उत्पादन हुने क्षेत्र हो भन्ने लाग्छ। त्यसैले बहुसङ्ख्यक नेपालीहरू कृषि पेसामा आश्रित हुनुभएको भन्ने बारेमा जानकार छु।

विगतको तुलनामा हामी दुई देशबीच उच्चस्तरको भेटघाटले पनि स्थान पाउँदै गएको छ । यही वर्ष सेप्टेम्बर २१ तारिखका दिन संयुक्त राष्ट्रसङ्घको ७८औं महासभाका क्रममा अमेरिकाको न्युयोर्कमा कोरिया र नेपाल दुई देशका सरकार प्रमुखबीच भेटवार्ता भएको छ । गणतन्त्र कोरियाका राष्ट्रपति युन सख्यल र नेपालका प्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड' बीच न्युयोर्कमा द्विपक्षीय औपचारिक वार्ता भएको थियो । कूटनैतिक सम्बन्ध स्थापना भएको ५०औं वर्षगाँठको नजिकै आएका अवसरमा दुई देशका कार्यकारी प्रमुखको वार्तालाप हुनु सुखद पक्ष हो भन्ने लाग्छ । त्यसबेला पनि उहाँहरूले कूटनीतिक सम्बन्ध स्थापनाको ५०औं वार्षिकोत्सव स्मरणीय बनाउने तथा दुई देशबीच विभिन्न क्षेत्रमा विकास साझेदारी कार्यक्रमलाई मजबुत गर्ने विषयमा छलफल भएको छ । दुई देशका प्रमुखहरूको वार्तालापपश्चात् विभिन्न क्षेत्रमा विकास साझेदारी अवधारणालाई अगाडि बढाउनका लागि मलाई गणतन्त्र कोरियाका राष्ट्रपतिको विशेष दूतका रूपमा नेपाल भ्रमण गर्ने अवसर मिलेको छ।

कोरिया सरकार कृषि, खाद्य तथा ग्रामीण मामिला मन्त्रीको नेतृत्वमा यही कात्तिक १५ देखि १७ गते नेपाल भ्रमणमा रहेको छ । यस भ्रमणले दुई देशका सरकार तथा जनस्तरको सम्बन्ध प्रगाढ गराउनका लागि यस भ्रमणले महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने लागेको छ । हामी नेपालको विभिन्न क्षेत्रमा सहकार्य गर्नका लागि आतुर छौं । यस भ्रमणले नेपालको कृषि क्षेत्रको विकासमा अतुलनीय भूमिका खेल्ने छ भन्ने मेरो बुझाई रहेको छ।

यस भ्रमण अवधिमा नेपालका कृषि मन्त्रीसँग द्विपक्षीय वार्तालाप हुनेछ र सोही अवसरमा कोरिया नेपालबीच कृषि क्षेत्र विकासका साझेदारीका लागि आवश्यक सम्झौतापत्रमा हस्ताक्षर हुनेछ । यस सम्झौताले नेपालमा कोरिया पार्टनरसिप फर इनोभेसन अफ एग्रिकल्चर (कोपिया) स्थापना गर्नका लागि भूमिका खेल्नेछ । कोपियाको नेपालमा स्थापना भएपश्चात् नेपालको कृषि क्षेत्रमा महत्वपूर्ण योगदान खेल्ने छ । नेपालको धानबाली उत्पादन वृद्धि तथा आलु खेती उत्पादन वृद्धि गर्न यस सम्झौताले उल्लेखनीय भूमिका निभाउने छ । नेपालमा दैनिक भोजन गरिने दालभात जस्तै कोरियामा पनि समान परिकार लिने गरिएको छ। धेरै मात्रामा उपभोग गरिने चामल तथा अन्य तरकारीको तुलनामा बढी मात्रामा प्रयोग हुने आलु खेतीको विकास भएमा मात्र पनि नेपालले वार्षिक रूपमा हुँदै आएको आयातलाई केही हदसम्म घटाउन सकिन्छ भन्ने लाग्दछ । कृषिमा आधुनिकीकरण गरेर बाँझो खेतबारी हराभरा बनाउने उद्देश्य लिएर हामी सबै किसिमका प्राविधिक तथा आवश्यक सहयोग उपलब्ध गराउँदै जाने विचार लिएका छौं ।

त्यसैगरी, पशुपालन क्षेत्रमा पनि कोरियाको सहयोग निरन्तर रहने बारेमा स्मरण गराउन चाहन्छु । कोरियाले समयसापेक्ष रूपमा विकास गरेको कृषि क्षेत्रको विकासलाई अनुभवलाई नेपालसँग साझेदारी गर्न चाहन्छौं । यसै सन्दर्भमा सन् २०२२ को डिसेम्बर महिना, गणतन्त्र कोरियाबाट होलेस्टेन जातका १०१ वटा दुधालु गाईका बाच्छी र बाच्छाहरू जहाजमार्फत नेपालमा आएको स्मरण गराउन चाहन्छु। अर्ध शताब्दी अगाडितिर कोरियामा एक गाईबाट दैनिक औसत १० लिटरभन्दा कम दूध उत्पादन हुने अवस्था थियो भने हाल उन्नत जातका गाईमार्फत दैनिक एक गाईले ३२ लिटर दूध उत्पादन हुने अवस्थामा रहेको छ । हामीले नेपालमा उन्नत जातका गाईपालनका लागि आवश्यक पर्ने सम्पूर्ण सहयोगको पनि व्यवस्था गरेका छौं। हामी नेपाललाई दूधजन्य पदार्थमा आत्मनिर्भर होस् भन्ने योजनाका साथ अगाडि बढिरहेका छौं । नेपालका पशुपालन क्षेत्रमा आबद्धरत कृषकहरूले यसबाट लावान्वित हुनुहुने छ भन्ने सोचाइ रहेको छ।

हामी नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरणमार्फत खाद्यान्न उत्पादनमा आत्मनिर्भर भई खाद्यान्न सुरक्षा प्रदान गर्न मद्दत गर्ने छौं। त्यसैगरी कृषिको विविधीकरण, व्यावसायिकीकरण, यान्त्रिकीकरण र क्षमता विस्तार गरी बेरोजगारी समस्या न्यूनीकरण गर्न गहन भूमिका खेल्ने छ भन्ने लाग्दछ। आयात घाटा कम गर्न तथा आर्थिक वृद्धिमा कृषि क्षेत्रले सकारात्मक भूमिका खेल्नेछ भन्ने मेरो बुझाइ रहेको छ।

कोरिया र नेपाल सन् १९७४ मा कुटनीतिक सम्बन्ध स्थापना भएपश्चात आगामी वर्ष सन् २०२४ मा ५०औं वर्षगाँठको समिपमा रहेका छौं। हामी विगत ५० वर्षदेखि रहिआएको सुमधुर सम्बन्धलाई स्मरण गर्दै आगामी ५० वर्षको सम्बन्धलाई बहुआयमिक बनाउनका लागि तथा नेपाललाई विकासशील राष्ट्रको रूपमा अगाडि बढाउनका लागि असल मित्रको भूमिका खेल्ने छौं। कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न आयोजनामा साझेदारी गर्नका लागि नेपाल सरकारसँग समन्वय गर्दै आवश्यकताको आधारमा समन्वयात्मक भूमिका खेल्न कोरिया सरकार तत्पर रहेको जानकारी गराउँछु।

अन्त्यमा, कोरिया फर्किएपश्चात् पनि नेपालको कृषि क्षेत्र विकासका लागि कोरिया सरकारको सहयोग निरन्तर जारी रहने तथा यस भ्रमणले नेपालको कृषि क्षेत्रको विकासमा भूमिका निभाउनका लागि सम्झौतामा हस्ताक्षर भएको पुनः स्मरण गराउन चाहन्छु। नेपालको कृषिजन्य उत्पादन वृद्धि गर्नका लागि हाम्रो अनुभव बाँड्नेछौं ।

त्यसैगरी, यस भ्रमणका अवसरमा नेपालको कृषि क्षेत्रको स्थलगत निरीक्षणमार्फत धेरै कुरा बुझ्ने अवसरको रूपमा सदुपयोग गर्नेछु । (प्रस्तुत विचार नेपाल भ्रमणमा आउनुभएका कोरियाका कृषि खाद्य तथा ग्रामीण मामिलामन्त्री छङ् ह्वाङ् गुन्सँग गरिएको कुराकानीमा आधारित)

# नेपालसँग आन्तरिक स्रोत पर्याप्त नभएकाले वैदेशिक लगानी अपरिहार्य छ : अर्थमन्त्री डा महत

काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको समृद्धि र आर्थिक रुपान्तरणका लागि ठूलो वित्तीय स्रोतको आवश्यकता रहेको र त्यसका लागि आन्तरिक स्रोत पर्याप्त नहुने भएकाले वैदेशिक लगानी अपरिहार्य रहेको बताउनुभएको छ।

बेलायतको राजधानी लन्डनस्थित नेपाली दूतावासले आयोजना गरेको उच्चस्तरीय लगानी सम्मेलनलाई सम्बोधन गर्दै अर्थमन्त्री डा महतले वैदेशिक लगानी अपरिहार्यतामा जोड दिनुभएको उहाँको सचिवालय तथा लन्डनस्थित नेपाली राजदूतावासले जनाएको छ।

नेपाल र संयुक्त अधिराज्यबीच सन् १९२३ मा सम्पन्न मैत्री सन्धि हस्ताक्षर भएको एक सय वर्ष पूरा भएको अवसरमा नेपाली दूतावासले 'सिटी अफ लन्डन' को 'म्यान्सन हाउस'मा मङ्गलबार एक उच्चस्तरीय लगानी सम्मेलनको आयोजना गरेको हो।




सो अवसरमा अर्थमन्त्री डा महतले नेपाल सरकारले लगानीमैत्री वातावरणका लागि आवश्यक ऐन, कानुन निर्माण तथा परिमार्जन एवं संस्थागत व्यवस्था गरेको र यस वर्षको बजेटले लगानीकर्तालाई थप सहजीकरण गर्न विभिन्न सुधारका कार्य सुरु गरेको समेत बताउनुभयो। उहाँले अन्तर्राष्ट्रिय वित्त बजारबाट पूँजी परिचालन गर्न आवश्यक कानुनी पूर्वाधार तयार गरिने जानकारी दिँदै आगामी दिनमा बेलायतबाट लगानीमा थप वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले नेपालले वित्तीय केन्द्र लन्डनबाट लगानीका दीर्घकालीन वित्तीय स्रोतहरूमार्फत बेलायतबाट नवीकरणीय ऊर्जा, सूचना प्रविधि, शिक्षा तथा पर्यटन क्षेत्रमा प्राथमिकताका साथ लगानी भित्र्याउन चाहेको बताउनुभयो । नेपालले विद्युत् व्यापारका लागि छिमेकी मुलुक भारतसँग द्विपक्षीय सम्झौता गरेको तथा बङ्गलादेश समेत निर्यात गर्न तयारी गरेको बताउँदै नेपालको जलविद्युत्बाट नेपाल मात्र नभई दक्षिण एसियाली क्षेत्रमै जलवायु परिवर्तसम्बन्धी लक्ष्य पूरा गर्न सहयोग पुग्ने बताउनुभयो।

कार्यक्रममा सिटी अफ लन्डनका अल्डरम्यान तथा सेरिफ ब्रोनेक मसोजादाले सिटी अफ लन्डनमा प्रशस्त वित्तीय स्रोत तथा जोखिम बहन गर्ने बीमा कम्पनीहरू रहेका र नेपालको दिगो विकासका लागि सिटी अफ लन्डनको सहयोग रहने बताउनुभयो । बेलायती परराष्ट्र मन्त्रालयका निर्देशक बेन मेलरले गत केही वर्षमा ब्रिटिस इन्टरनेसनल इन्भेस्टमेन्टमार्फत नेपालका विभिन्न क्षेत्रमा लगानी बढ्दै गएको र वैदेशिक लगानीको वातावरण सुधारका लागि बेलायतले सहयोग गरिरहेको बताउँदै नेपालको अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुने प्रक्रियालाई सहज बनाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

बेलायती संसद्मा बेलायत नेपाल संसदीय समूहका अध्यक्ष वीरेन्द्र शर्माले नेपाल-बेलायत ऐतिहासिक सम्बन्धको चर्चा गर्दै नेपालका विभिन्न क्षेत्रमा लगानीकाप्रशस्त सम्भावनाहरू रहेको बताउनुभयो । युके एक्सपोर्ट फाइनान्सका प्रमुख कार्यकारी अधिकृत टिम रिडले नेपालका विभिन्न क्षेत्रमा १ दशमलव ५ बिलियन पाउन्डसम्म लगानी गर्न युके एक्सपोर्ट फाइनान्स तयार रहेको जानकारी दिनुभयो।

विशेषगरी नेपालको नवीकरणीय ऊर्जा, सूचना प्रविधि एवं शिक्षा क्षेत्रमा लगानी भित्र्याउने बारेमा केन्द्रित उक्त सम्मेलनमा नवीकरणीय ऊर्जा तथा सूचना प्रविधिसम्बन्धी विषयमा उक्त क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूसँग छुट्टाछुट्टै प्यानलमा छलफल भएको थियो भने शिक्षा क्षेत्रमा नेपालमा रहेका अवसरहरूका बारेमा ब्रिटिस कलेजका अध्यक्ष राजन कँडेलले प्रस्तुति गर्नुभएको थियो।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बमबहादुर मिश्रले वैदेशिक लगानी स्वीकृति तथा विदेशी कम्पनीको लाभांस फिर्ता लैजाने प्रक्रिया सरलीकरण गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध रहेको लगानीकर्तालाई आश्वासन दिनुभयो । लगानी बोर्ड नेपालका सहसचिव अमृत लम्सालले वैदेशिक लगानीका लागि नेपालको विभिन्न क्षेत्रमा रहेका अवसरका बारेमा प्रस्तुति दिँदै वैदेशिक लगानी स्वीकृति तथा परियोजना कार्यान्वयन अवधिभर विदेशी लगानीकर्तालाई सहजीकरण गर्न लगानी बोर्ड प्रतिबद्ध रहेको बताउनुभयो।

त्यसैगरी, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीप देवले नेपालको ऊर्जा क्षेत्र विशेषगरी कार्यान्वयनमा रहेका जलविद्युत् परियोजनाहरू, भारत तथा चीनसँग विद्युत् विकास तथा खरिदका लागि भएका सम्झौताहरू एवं जलविद्युत् विकासका लागि नेपाल सरकारको आगामी योजनाका बारेमा उल्लेख गर्दै यसका लागि ठूलो पूँजीको आवश्यक रहेकाले लगानीकर्ताहरूका लागि यस क्षेत्रमा ठूलो अवसर रहेको बताउनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी मैत्री वातावरण भएको हुँदा वैदेशिक लगानीकर्तालाई निर्धक्क भएर लगानी गर्न निजी क्षेत्रको तर्फबाट आग्रह गर्नुभयो।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपालका अध्यक्ष गणेश कार्कीले नेपालमा जलविद्युत् तथा अन्य नवीकरणीय ऊर्जाको क्षेत्रमा लगानीका अवसरका बारेमा जानकारी दिँदै नेपाल सरकारको भूमिका सकारात्मक रहेकाले वैदेशिक लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न आह्वान गर्नुभयो।

ब्रिटिस इन्टरनेसनल इन्भेष्टमेन्टका प्रबन्ध निर्देशक कोलिन बक्ली तथा डोल्मा इम्प्याक्ट फन्डका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत टिम गोचरले नेपालमा आफूहरूले गरेको लगानी फलदायी रहेको बताउँदै उत्तरदायी लगानीका लागि नेपाल उपयुक्त देश भएको औँल्याउनुभयो।

सम्मेलनमा नेपालमा लगानी गरिरहेका विकास वित्तीय संस्थाका तर्फबाट इन्भेस्ट फर इम्प्याक्ट नेपालका प्रमुख कार्यकारी अधिकृत विवेक श्रेष्ठले विकास वित्तीय संस्थाहरूको लगानीका बारेमा प्रस्तुति दिनुभयो। साथै सो अवसरमा नेपाल सरकार अर्थ मन्त्रालय तथा नेपालमा लगानी गरिरहेका छ वटा विकास वित्तीय संस्था– ब्रिटिश इन्टरनेसनल इन्भेस्टमेन्ट, बेलायत, एफएमओ, नेदरल्यान्ड, बायो, बेल्जियम, फिनफन्ड, फिनल्यान्ड, प्रोपार्को, फ्रान्स एवं साइफेम, स्वीट्जरल्यान्डबीच नेपालमा विकास वित्तीय संस्थाहरूको लगानी सहजीकरण गर्नेसम्बन्धी एक समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भयो।रासस

# राष्ट्रियसभाको माघमा र उपनिर्वाचन वैशाखामा गर्न आयोगको परामर्श

काठमाण्डु । निर्वाचन आयोगले राष्ट्रियसभाको रिक्त हुने स्थानको निर्वाचन आगामी माघको दोस्रो साता र प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको रिक्त पदको उपनिर्वाचन वैशाखमा गर्न नेपाल सरकारलाई परामर्श दिएको छ। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले संसदीय समितिलाई राष्ट्रियसभाको निर्वाचन माघको दोस्रो साता र प्रतिनिधिसभा र प्रदेशसभाको एक-एक तथा स्थानीय तहको रिक्त २४ पदको निर्वाचन वैशाखमा गर्न अनौपचारिक परामर्श दिइएको जानकारी दिनुभयो । प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा उहाँले निर्वाचन सञ्चालन र व्यवस्थापनसम्बन्धी छरिएर रहेका सात वटा कानुनलाई एकीकृत गर्न बनेको विधेयकलाई आगामी सदनको अधिवेशनबाट पारित गरिदिन आग्रह गर्नुभयो।



प्रस्तावित कानुनमा आवधिक निर्वाचनको मिति किटान गरिएको, निर्वाचनको मौन अवधि हटाएर मतदानको २४ घन्टाअघि प्रचारप्रसार गर्न नपाइने व्यवस्था गरिएको समितिलाई जानकारी दिइयो। निर्वाचनमा राजनीतिक दलले सबै तहका निर्वाचनमा कम्तीमा ३३ प्रतिशत उम्मेदवार महिला उठाउनुपर्ने अनिवार्य व्यवस्था र भ्रष्टाचारको सजायसम्बन्धी मुद्दा अदालतमा दायर भएका व्यक्तिका हकमा उम्मेदवार बन्न नपाउने प्रावधानका लागि विधेयकमा प्रस्ताव गरिएको छ। विद्युतीय मतदान उपकरणबाट निर्वाचन गराउँदा उपकरण खरिद गर्न मात्रै रु छ अर्ब बढी खर्च लाग्ने अवस्था रहेकाले त्यसले खर्चको पाटोबाट गम्भीर तुल्याए पनि उपकरणको प्रमाणीकरण भएको खण्डमा प्रयोगमा ल्याउन आयोग तयार रहेको समितिलाई जानकारी गराइयो। विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता तथा अद्यावधिकको व्यवस्था तत्तत् स्थानमा रहेका नागरिकको नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधिको मस्यौदा तयार गरी सुझावका लागि वेभसाइटमा राखिएको जानकारी दिँदै यसै आर्थिक वर्षदेखि उक्त कार्य प्रारम्भ गरिने आयोगले जनाएको छ।

यस्तै मतदाता नामावली दर्ता तथा अद्यावधिकको विवरण लिने कार्य नियमित भइरहेको तथा कुनै पनि नेपाली नागरिकले आफू बसोबास गरेको जिल्लाबाटै मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने गरी बाह्य जिल्ला दर्ता कार्य निरन्तर भइरहेको पनि सो अवसरमा जानकारी दिइयो। मतदाता नामवली दर्ता तथा अद्यावधिक कार्यलाई थप व्यवस्थित गर्न स्थानीयतहको समन्वय र सहकार्यमा यसै आर्थिक वर्षदेखिकार्य प्रारम्भ गरिने पनि प्रमुख आयुक्त थपलियाले बताउनुभयो।

निर्वाचन पैसा, पद र शक्तिको आडमा नभइ निष्ठा र सिद्धान्तले जित्नुपर्छ भन्नेमा आयोग विश्वस्त रहेको जनाउँदै प्रमुख आयुक्त थपलियाले निर्वाचनका बेला अस्तव्यस्त हुने अघिपछि सुस्त रहने चरित्रलाई सुधार गरी सधैँभरी प्रभावकारी तुल्याइएको दाबी गर्नुभयो। सो अवसरमा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवीले प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमा महिलाको उचित सहभागिताका सवालमा उठेका प्रश्नलाई आयोगले समयमै ध्यान दिनुपर्ने सुझाव दिनुभयो।

अनितादेवीले निर्वाचन घोषणा भइसकेपछि राष्ट्रसेवक कर्मचारीको रोकिनुपर्ने र आचारसंहिता उलङ्घनका घटनामा सबै दल र उम्मेदवारलाई समान व्यवहार गर्नुपर्ने बताउनुभयो । बैठकमा समिति सदस्य चित्रबहादुर केसी, दिलेन्द्रप्रसाद बडू, हितराज पाण्डे, बलराम अधिकारी, वासुदेव घिमिरे र हृदयराम थानीले पछिल्लो समय सिद्धान्त र दर्शनका आधारमा नभइ पैसा खर्च गरेर निर्वाचन जित्ने प्रवृत्ति मौलाएकाले यसका कारण लोकतन्त्र र सुशासनमा चुनौती उत्पन्न गरिरहेको धारणा राख्नुभयो।

बैठकमा समितिका सदस्यहरू प्रकाश अधिकारी, रवी लामिछाने, बुद्धिमान तामाङ, सर्वेन्द्रनाथ शुक्ल, रघुजी पन्त, सरिता प्रसाइँ, पृथ्वीसुब्बा गुरुङ, अम्बिका बस्नेत, राजेन्द्र राईले लोकतन्त्रको प्राणका रूपमा रहेको निर्वाचनलाई पैसा र पहुँचको राजनीतिले धुमिल्याएको विचार प्रकट गर्नुभयो।

उहाँहरूले निर्वाचन अत्यन्त खर्चिलो भएको, निष्ठाको राजनीतिक ओझेलमा परेको, योग्यता र क्षमताको कदर नभएको, धनीमानी र पहुँचवालाको बोलवाला हुने गरेका जस्ता कार्यले निर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रश्न खडा भइरहेको धारणा राख्नुभयो। रासस

## थप हिमाल आरोहणका लागि सरकारले अनुमति दिनुपर्छ : राष्ट्रपति पौडेल

काठमाण्डु। राष्ट्रपति रामचन्द्र पौडेलले औपचारिक रूपमा आरोहणका लागि खुला नगरिएका हिमाल आरोहणका लागि सरकारले अनुमति दिनुपर्ने बताउनुभएको छ। नेपाल पर्वतारोहण सङ्घको ५० औं वार्षिकोत्सवमा बुधबार यहाँ आयोजित एक कार्यक्रममा राष्ट्रपति पौडेलले पर्वतीय पर्यटन विकास र प्रवर्द्धनका लागि हिमाल आरोहणका लागि अनुमति दिन सरकारलाई सुझाव दिनुभयो। उहाँले पर्वतीय पर्यटन क्षेत्रमा लागि थप काम गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सुझाव दिनुभयो।

"नेपालमा अनगिन्ती हिमाल छन्, जुन औपचारिक रूपमा आरोहणका लागि खुला गरिएको छैन। ती हिमालको आरोहणका अनुमति दिन र प्रवर्द्धन गर्न तत्काल पहल लिन जरुरी छ", राष्ट्रपति पौडेलले भन्नुभयो, "म नेपाल सरकारलाई ती हिमालको व्यवस्थापन र प्रवर्द्धनको जिम्मेवारीका लागि उपयुक्त निर्णय लिन पनि सुझाव दिन चाहन्छु।"

यस कार्यका लागि नेपाल पर्वतारोहण सङ्घ साझेदार हुन सक्ने राष्ट्रपति पौडेलको भनाइ छ। नेपाल सरकारले २७ वटा हिमालको आरोहण अनुमति व्यवस्थापन गर्ने दिएको जिम्मेवारी सङ्घले सफलतापूर्वक पूरा गरेको उहाँले उल्लेख गर्नुभयो।रासस

## पुराना ऐनहरू समय सापेक्षित रूपमा सच्चाउनुपर्नेछ : मन्त्री किराती

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले पर्यटनको विकासका लागि यस सम्बन्धी पुराना ऐन तत्काल संशोधन गर्नुपर्ने बताउनुभएको छ। बुधबार यहाँ नेपाल पर्वातारोहण सङ्घको ५०औँ वार्षिकोत्सव समारोहमा उहाँले ऐन संशोधनसँगै विदेशी पर्यटकप्रति गर्ने व्यवहारमा सुधार गर्नुपर्ने बताउनुभयो। "हाम्रा ऐनहरू पुराना छन्। ऐनहरू समय सापेक्षित रूपमा सच्चाउनुपर्नेछ", मन्त्री किरातीले भन्नुभयो, "बुधबारै जोगमुनिबाट फोन आएको थियो। विदेशी पर्यटकले एउटा पाँच तारे होटलमा रू २५ हजारको कोठा बुक गर्नुपर्ने हुन्छ। तर २५ हजार भारु भन्दा बढी रकम बोक्न नपाइने प्रावधान भएकाले सो स्थितिप्रति उहाँहरूले गुनासो गर्नुभयो।" विदेशी पर्यटकलाई जहाजको भाडा दोब्बर गर्दा विश्वमा नकरात्मक सन्देश गएको उहाँको भनाइ थियो।

मन्त्री किरातीले 'फेक रेस्क्यु'ले नकरात्मक सन्देश दिने भन्दै सरकारी, गैरसरकारी र निजी क्षेत्र यस्ता विषयप्रति गम्भीर हुनुपर्नेमा जोड दिनुभयो। उहाँले जलवायु परिवर्तनको असरप्रति ध्यानाआर्कषण गराउँदै कतिपय स्थानमा पर्यटकका लागि निषेधित क्षेत्र भएकाले पर्यटनमा असहजता भएको बताउनुभयो। "एडभेन्चर, नेचर र कल्चर नेपाली पर्यटनको मौलिकता हुन्। यसलाई विश्व समुदायमा नयाँ ढङ्गले बजारीकरण (रिब्राण्डीङ) गर्न सके पर्यटनबाट समृद्धि सम्भव छ", मन्त्री किरातीले भन्नुभयो। उहाँले सङ्घले हिमाल तथा हिमाली पर्यटन प्रवर्द्धन क्षेत्रमा खेलेको भूमिका महत्वपूर्ण भएको उल्लेख गर्नुभयो।रासस


## Invitation for Bids

**Matihani Municipality**

**Office of Municipal Executive**

**Dhirapur, Matihani, Mahottari**

**IFB No. 01/MMun/TB/NCB/080/081**

**Invitation for Bids for**

**Procurement of steel parts, Steel Deck and other steel parts with Transportation for Bharan ghat "ST" Bridge (24x2=48 m)**

**Contract Identification No: 01/Mmun/TB/NCB/080/081**

**Date of publication :- 2080/07/16**

1. Office of Municipal Executive, Matihani Municipality invites electronic sealed quotations from Nepalese eligible bidders for Procurement of steel parts, Steel Deck and other steel parts with Transportation for Bharan ghat "ST" Bridge (24x2=48.0m). The estimated amount for the works is Rs 2145950.09 (excluding VAT and Contingency)
2. Eligible Bidders may obtain further information at the Office of Municipal Executive, Matihani Municipality, Ph. No. +977-9851140767 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders should deposit the cost of bidding document (Rs. 3,000.00) in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. **Information to deposit the cost of bidding document in Bank:**
   1. **Name of the Bank:** Machchhapuchre Bank Ltd., Dhirapur, Matihani
   2. **Name of Office :** Matihani Municipality
   3. **Office Code no. :** 801021807
   4. **Office Account no.:** Ga-1-1 -0600060869300121
   5. **Bid Validity period** is 90 days.
5. The Bidder shall furnish a bid security, from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law with a minimum of 73,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in:
   **Deposit Account No.:-** Ga-3-0600060869300041
   **Name and Address of Bank: -** Machchhapuchre Bank Ltd., Dhirapur, Matihani Branch
   **Office Code:-** 801021807
   **Account Name:-** Matihani Municipality
   and submit the receipt of the deposited amount of cash along with the bid.
6. Electronic Procument must be submitted to Matihani Municipality, Dhirapur, Mahottari by PPMO website www.bolpatra.gov.np/egp before 12 Noon on 2080/08/18. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/08/18 2 PM at the Office of Municipal Executive, Matihani Municipality.
8. Matters not covered here shall be in accordance with Prevailing Public Procurement Act 2063, Public Procurement Regulations 2064, and latest guidelines of PPMO.

**Chief Administrative Officer**


# अर्थतन्त्रको दबाब हटाउन राष्ट्रिय गोलमेच गर्छौं : प्रधानमन्त्री दाहाल

काठमाण्डु । प्रधानमन्त्री एवम् नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्र सङ्कटमुक्त भइसके पनि दबाबमुक्त हुन नसकेको र अर्थतन्त्रको दबाब हटाउन राष्ट्रिय गोलमेचको तयारी गरिएको बताउनुभएको छ।

माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडामा बुधबार आयोजित उपत्यकाका केन्द्रीय सदस्यको बैठकलाई सम्बोधन गर्दै उहाँले अर्थतन्त्रको दबाब हटाउनु सरकारको मुख्य प्राथमिकता भएको बताउनुभएको हो । प्रधानमन्त्रीले भन्नुभयो, "हामीले सरकारको नेतृत्व गर्ने बेला अर्थतन्त्र निकै अप्ठ्यारो अवस्थामा थियो । तर, सरकारको मेहेनतका कारण अर्थतन्त्र सङ्कटमुक्त भएको छ । विदेशी मुद्राको सञ्चिति, राजस्व सङ्कलन र परिचालन, पर्यटक आगमन, विप्रेषणलगायत क्षेत्रका सूचक हेर्दा हामी प्रगति तिरै छौँ।"



अर्थतन्त्र अझै पनि दबाबमुक्त भइनसकेको उल्लेख गर्दै उहाँले अर्थतन्त्रको दबाब हटाउने विषय सबैभन्दा ठूलो कार्यभार हुन आएको बताउनुभयो। उहाँले भन्नुभयो, "सामान्य वा टालटुले तरिकाले अर्थतन्त्रको दबाब हट्दैन भन्ने मलाई राम्रोसँग हेक्का छ। तसर्थ, छिट्टै नेपाल सरकारका सबै मन्त्रीहरू, सचिवहरू, निजी क्षेत्रका प्रतिनिधिहरू र आर्थिक क्षेत्रका विज्ञहरूको बृहत् बैठकको आयोजना गर्छौं।"

नेपालको बजेट बनाउने प्रणाली र प्रक्रियाले अर्थतन्त्रलाई सहयोग नगरेको जनाउँदै उहाँले परम्परागत ढङ्गले बनाइने नीति, कार्यक्रम र बजेटले देशको समस्या सम्बोधन गर्न नसक्ने बताउनुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "नीति कार्यक्रम पेस गरेपछि संशोधन नै नहुने, बजेट प्रस्तुत भएपछि रातो किताब हेरफेर नै नहुने हाम्रो प्रणाली र तरिका गलत छ।"रासस

# मोदी र हसिनाद्धारा भारत-बङ्गलादेशबीचको रेल, विद्युत् क्षेत्र परियोजनाको उदघाटन

एएनआई

नयाँदिल्ली । प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँका बङ्गलादेशी समकक्षी शेख हसिनाले बुधबार भिडियो कन्फरेन्सिङमार्फत भारतीय सहयोगमा निर्मित तीन वटा परियोजनाको संयुक्तरूपमा उद्घाटन गर्नुभएको छ ।



ती परियोजनामा अखौरा-अगरतला क्रस बोर्डर रेल लिङ्क, खुलना-मोङ्ला पोर्ट रेल लाइन र बङ्गलादेशको रामपालमा मैत्री सुपर थर्मल पावर प्लान्टको युनिट-२ रहेका छन् । भारत र बङ्गलादेशबीच रेल र विद्युत् क्षेत्रको परियोजनाहरूको उद्घाटन दुवै मुलुकबीचको सम्बन्ध र साझेदारीलाई सुदृढ बनाउन केन्द्रित रहेको बताइएको छ ।

"यी महत्वपूर्ण परियोजनाहरूको संयुक्त उद्घाटनले हाम्रा दुई मित्र राष्ट्रबीचको दृढ मित्रता र सहयोगलाई प्रकट गर्दछ । जी२० शिखर सम्मेलनमा भाग लिन सन् २०२३ सेप्टेम्बरमा मेरो भारत भ्रमणका क्रममा प्रधानमन्त्री मोदीको न्यानो आतिथ्यताका लागि म धन्यवाद दिन चाहन्छु", बङ्गलादेशका प्रधानमन्त्री हसिनाले भन्नुभयो, "म हाम्रो दुवै मुलुकबीचको मित्रताको बन्धनलाई सुदृढ बनाउने तपाईंको प्रतिबद्धताप्रति आभार व्यक्त गर्दछु ।"

अखौरा-अगरतला क्रस बोर्डर रेल लिङ्क परियोजना भारत सरकारले बङ्गलादेशलाई दिएको तीन अर्ब ९२ करोड ५२ लाख भारतीय रुपैयाँको अनुदान सहयोगअन्तर्गत कार्यान्वयनमा ल्याइएको हो । बङ्गलादेशमा छ दशमलव ७८ किलोमिटर डबल गेज रेल लाइन र त्रिपुरामा पाँच दशमलव ४६ किलोमिटरसहित रेल लिङ्क गरी कूल लम्बाइ १२ दशमलव २४ किलोमिटर रहेको छ ।

खुलना-मोङ्ला पोर्ट रेल लाइन परियोजना भारत सरकारको सहुलियतपूर्ण ऋणअन्तर्गत ३८ करोड ८९ लाख २० हजार अमेरिकी डलरको लागतमा कार्यान्वयनमा ल्याइएको हो । यो परियोजनामा मोङ्ला बन्दरगाह र खुलनामा विद्यमान रेल नेटवर्कबीच करिब ६५ किलोमिटर ब्रोड गेज रेलमार्ग निर्माण समावेश छ । यसका साथै बङ्गलादेशको दोस्रो सबैभन्दा ठूलो बन्दरगाह मोङ्ला ब्रोड गेज रेलवे नेटवर्कसँग जोडिएको छ ।

मैत्री सुपर थर्मल पावर परियोजना एक अर्ब ६० करोड अमेरिकी डलरको भारतीय सहुलियतपूर्ण ऋणअन्तर्गत बङ्गलादेशको खुलना डिभिजनमा रामपालस्थित एक हजार तीन सय २० मेगावाटको सुपर थर्मल पावर प्लान्ट हो । उक्त परियोजना भारतको एनटीपीसी लिमिटेड र बङ्गलादेशको पावर डेभलपमेन्ट बोर्डबीचको आधा आधा लगानी भएको बङ्गलादेश-भारत मैत्री पावर कम्पनी लिमिटेडले कार्यान्वयनमा ल्याएको हो । यी परियोजनाले यस क्षेत्रमा कनेक्टिभिटी र ऊर्जा सुरक्षालाई सुदृढ पार्नेछन् ।

पछिल्लो दशकमा बङ्गलादेश-भारत मैत्री संवादले दुवै देशबीच द्विपक्षीय सम्बन्धहरूलाई सुदृढ बनाउन महत्वपूर्ण मञ्चका रूपमा काम गरेको छ । बीएनएन न्युजका अनुसार यो वर्षको संवादको विषय 'बृहत् र पारस्परिकरूपमा लाभदायक साझेदारीलाई बढाउने' रहेको छ ।

# बोलिभियाले इजराइलसँगको कूटनीतिक सम्बन्ध तोड्यो

एएफपी

ला पाज । दुई ल्याटिन अमेरिकी देशले बढ्दो मानवीय सङ्कटका कारण इजराइलबाट आफ्ना राजदूतलाई फिर्ता बोलाएसँगै बोलिभियाले गाजामा 'असमान' हमलालाई लिएर इजराइलसँगको कूटनीतिक सम्बन्ध तोडेको मङ्गलबार बताएको छ ।

"बोलिभियाले गाजापट्टीमा भइरहेको आक्रामक र असमान इजराइली सैन्य हमलाको खण्डन र भर्त्सना गर्दै इजराइलसँगको कूटनीतिक सम्बन्ध तोड्ने निर्णय गरेको छ", उपविदेशमन्त्री फ्रेड्डी मामानीले पत्रकार सम्मेलनमा भन्नुभयो ।

राष्ट्रपतीय मन्त्री मारिया नेला प्रादाले पनि गाजामा मानवीय सहयोग पठाउन लागिरहेको घोषणा गर्नुभयो । "हामी गाजापट्टीमा हमला अन्त्य गर्न माग गर्दछौं, हमलाका कारण अहिलेसम्म हजारौं नागरिकको मृत्यु भएको छ र प्यालेस्टिनीहरू जबरजस्ती विस्थापित भएका छन्", सोही पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो ।

अक्टोबर ७ मा हमासको आक्रमणसँगै विभाजनकारी सङ्घर्ष सुरु भएपछि वामपन्थी लुइस आर्सेको सरकार इजराइलसँग सम्बन्ध तोड्ने पहिलो ल्याटिन अमेरिकी सरकार बनेको छ । हमासले गरेको हमलामा एक हजार चार सयभन्दा बढी मानिस मारिएको इजराइली अधिकारीहरूले बताएका छन् ।

इजराइलले बुधबार बोलिभियाको कदमलाई 'आतङ्कवादसमु आत्मसमर्पण' भन्दै आलोचना गरेको छ । "यस्तो कदम चालेर बोलिभिया सरकारले स्वयंलाई हमास आतङ्कवादी सङ्गठनसँग जोडिरहेको छ", इजराइली विदेश मन्त्रालयका प्रवक्ता लियोर हयातले एक विज्ञप्तिमा भन्नुभयो ।

बोलिभियाले गाजापट्टीमा अघिल्लो आक्रमण भएको एक दशकपछि सन् २०१९ मा इजराइलसँग कूटनीतिक सम्बन्ध पुनःस्थापित गर्ने घोषणा गरेको थियो । हमासले मङ्गलबार बोलिभियाको निर्णयको सराहना गर्दै बोलिभियालाई 'उच्च सम्मानमा राखेको' बताएको छ ।

उसले इजराइलसँग आफ्नो सम्बन्धलाई सामान्य बनाएका अरब मुलुकहरूलाई पनि बोलिभियाको जस्तै निर्णय लिन आग्रह गरेको छ ।

कोलम्बिया र चिलीका नेताहरूले पनि मङ्गलबार हमासमाथि इजराइली हमलाविरुद्ध बोलेका छन् । हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले इजराइली हमलामा अहिलेसम्म दुई तिहाई महिला र बालबालिकासहित आठ हजार पाँच सय प्यालेस्टिनी मारिएको बताएको छ ।

# नेपाली क्रिकेट टोली विश्वकपमा छनोट भए १५ लाख दिइने

काठमाण्डु । नोबेल मेडिकल कलेज टिचिङ अस्पतालले आइसिसी ट्वान्टी २० विश्वकप एसिया क्षेत्र फाइनल छनोटको खेलमा नेपाल फाइनलमा पुगेमा राष्ट्रिय क्रिकेट टोली र अफिसियललाई प्रोत्साहनस्वरुप रू १५ लाख दिने घोषणा गरेको छ ।

अस्पतालका प्रमुख कार्यकारी अधिकारी डा भोगेन्द्रप्रसादद्वारा बुधबार जारी प्रेस विज्ञप्तिमा राष्ट्रिय क्रिकेट टिम र अफिसियललाई एकमुष्ट रू १५ लाख दिने उल्लेख गरिएको छ । अस्पतालले उक्त प्रतियोगिताको फाइनल खेलमा पनि नेपाल विजयी भएमा थप रू पाँच लाख प्रदान गर्ने विज्ञप्तिमा जनाएको छ ।

नोबेल मेडिकल कलेज टिचिङ अस्पतालका पूर्वअध्यक्ष तथा प्रबन्ध निर्देशक र हाल मोरङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य डा सुनिलकुमार शर्माको अगुवाइमा उक्त अस्पतालले खेलाडीहरूलाई निःशुल्क एवम् सहुलियत शुल्कमा स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको पनि सो विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपालमा क्रिकेट खेलको विकासमा सानो भए पनि सहयोग पुगोस् र खेलाडीमा हौसला प्रदान होस् भनेर सो प्रोत्साहन रकमको व्यवस्था गरिएको सांसद डा शर्माले बताउनुभयो ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान र माथिल्लो मूलपानी क्रिकेट मैदानमा भइरहेका उक्त प्रतियोगितामा नेपाल सेमिफाइनलमा पुगेको छ । नेपालले पहिलो खेलमा सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै विजयी भएको थियो भने दोस्रो खेलमा मलेसियालाई ६ विकेटले हराएर्दै सेमिफाइनलमा पुगेको हो ।

अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने ट्वान्टी २० विश्वकपको अन्तिम छनोटमा नेपालसहित आठ टोलीले प्रतिस्पर्धा गरिरहेका छन् । जसमा प्रतियोगिताबाट शीर्ष दुई टोली विश्वकपको लागि छनोट हुनेछन् ।

नेपाल समूह 'ए'मा परेको छ । नेपालको समूहमा सिङ्गापुर, मलेसिया र ओमान छन् । त्यस्तै समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), हङकङ, बहराइन र कुवेत छन् । नेपालले अब आफ्नो तेस्रो खेल भोलि ओमानसँग खेल्नेछ । रासस

## डिसहोमको घोषणा

# एकै खेलमा शतक र ५ विकेट लिने खेलाडीलाई २० लाख

dh DishHome FIBERNET

टुडे समाचारदाता

काठमाण्डु । डिसहोम फाइबरनेटले एसियातर्फको टी-२० विश्वकप छनौट प्रतियोगितामा खेल्ने खेलाडीलाई नगद प्रोत्साहनको घोषणा गरेको छ । डिसहोमले आज आफ्नो फेसबुक पेजमार्फत विश्वकप छनौटमा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई नगद प्रोत्साहनको घोषणा गरेको हो ।

कम्पनीका अनुसार एकै खेलाडीले एउटै खेलमा शतक प्रहार गर्दै ५ विकेट पनि लिएमा २० लाख रुपैयाँ पाउनेछन् । तर, प्रतियोगिता एउटै खेलाडीले शतक प्रहार गर्दै ५ विकेट लिन प्राविधिकरुपमा कठिन मानिन्छ । शतकमात्रै प्रहार गर्ने खेलाडीलाई १० लाख रुपैयाँ उपलब्ध गराउने डिसहोमको घोषणा छ ।

५ विकेट लिने खेलाडीलाई ५ लाख रुपैयाँ र अर्धशतक प्रहार गर्ने खेलाडीलाई १ लाख रुपैयाँ दिने कम्पनीको घोषणा छ । यस्तै, एउटै खेलमा ३ विकेट लिनेलाई १ लाख, ३५ रन प्रहार गर्नेलाई ५० हजार र ३ क्याट वा स्टम्प गरेमा ५० हजार रुपैयाँको घोषणा कम्पनीले गरेको छ ।

# नेपालले उपाधि जित्छ- सन्दीप लामिछाने

टुडे समाचारदाता

काठमाण्डु । नेपालका स्पिनर सन्दीप लामिछानेले आइसीसी ट्वान्टी-२० विश्वकप छनोटअन्तर्गत एसिया क्वालिफायरको सेमिफाइनलमा प्रवेश गरे घरेलु टोली उपाधि नै जित्ने विश्वास व्यक्त गरेका छन् ।



मंगलबार मलेसियामाथि ६ विकेटको जित निकाल्दै नेपाल समूह 'ए' बाट एक खेल अगावै जारी एसिया क्वालिफायरको सेमिफाइनलमा पुगेको छ । त्यो सफलतासँगै भएको पत्रकार सम्मेलनमा सन्दीपले नेपालको अहिले ब्याटिङ, बलिङ र फिल्डिङ तीनै पक्षमा निकै राम्रो रहेकाले उपाधि जित्ने नै विश्वास व्यक्त गरे । साथै उनले अहिले नेपालको घरेलु मैदानमा नेपालसँग खेल्न कुनै टोलीका लागि पनि सहज नहुने बताए ।

लामिछानेले ब्याटिङमा पुरानो समस्या हटेको र एक जना चल्न नसक्दा राम्रो ब्याकअप पाउनु निकै सुखद पक्ष रहेको बताए । सन्दीपले आजको खेलमा कुनैपनि समय नेपाल पछि नपरेको उल्लेख गरे ।

# उत्तर कोरियासम्बन्धी वार्ताका लागि ब्लिङ्केन सोल जाने

एएफपी

सोल । अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले आणविक हतियार सम्पन्न मुलुक उत्तर कोरियालगायतका विषयमा छलफल गर्न अर्को साता दक्षिण कोरियाको भ्रमण गर्नुहुने सोलको विदेश मन्त्रालयले बुधबार बताएको छ ।

विदेशमन्त्री ब्लिङ्केन आगामी बुधबार दुई दिने भ्रमणका क्रममा सोल आइपुग्नुहुनेछ । सन् २०२१ मार्च यता यो उहाँको पहिलो दक्षिण कोरिया भ्रमण हुनेछ । उहाँले दक्षिण कोरियाली समकक्षी पार्क जिनसँग गठबन्धन, उत्तर कोरियाका मुद्दा, आर्थिक सुरक्षा र उन्नत प्रविधिका साथै क्षेत्रीय र वैश्विक परिस्थितिका विषयमा व्यापक छलफल गर्नुहुने मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ ।

"विदेशमन्त्री ब्लिङ्केनको भ्रमणले दक्षिण कोरिया-अमेरिका गठबन्धनलाई थप विकास गर्न महत्वपूर्ण अवसर प्राप्त हुने अपेक्षा गरिएको छ", विज्ञप्तिमा भनिएको छ । यो वर्ष प्योङ्याङ हतियार परीक्षणको रेकर्ड-ब्रेक शृङ्खलामा संलग्न रहँदा सोल र वासिङ्टनले रक्षा सहयोगलाई बढाउँदै आएको समयमा विदेशमन्त्री ब्लिङ्केनको सोल भ्रमण हुँदैछ ।

गत महिना आणविक सञ्चालित विमानवाहक युएसएस रोनाल्ड रेगनले दक्षिण कोरियाली बन्दरगाहको यात्रा गरेको एक सातापछि एउटा अमेरिकी आणविक-हतियार सक्षम बी-५२ ले दक्षिण कोरियामा दुर्लभ अवतरण गरेको थियो । उत्तर कोरिया रुसको निकट हुँदै गरेको समयमा यो भ्रमण हुन लागेको हो । प्योङ्याङले युक्रेनमा युद्धका लागि मस्कोलाई हतियार उपलब्ध गराइरहेको पश्चिमी मुलुकहरूलाई चिन्ता छ ।

दुवै देशका नेताहरू किम जोङ उन र भ्लादिमिर पुटिनले सेप्टेम्बरमा रुसको सुदूर पूर्वमा एउटा उच्चस्तरको शिखर सम्मेलन आयोजना गर्नुभएको थियो । त्यसपछि अर्को महिना रुसका विदेशमन्त्री सर्गेई लाभरोभले प्योङ्याङको भ्रमण गर्नुभएको थियो ।

प्योङ्याङले रुससँग स्याटेलाइट टेक्नोलोजी र सोभियत युगको सैन्य उपकरणहरूको स्तरवृद्धि गर्नेजस्ता धेरै प्रकारका सैन्य सहयोग मागिरहेको वासिङ्टन र विशेषज्ञहरूले बताएका छन् । उत्तर कोरिया यो वर्ष सैन्य जासुसी उपग्रहलाई अन्तरिक्षमा स्थापना गर्ने प्रयासमा दुई पटक असफल भएको छ ।

# विश्व स्वास्थ्य सङ्गठनका दक्षिण-पूर्वी एसिया निर्देशकमा वाजेद चयन

एएफपी

नयाँदिल्ली । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले बङ्गलादेशकी साइमा वाजेदलाई दक्षिण-पूर्वी एसिया निर्देशकमा चयन गरेको छ । उहाँ प्रधानमन्त्री शेख हसिनाकी छोरी हुनुहुन्छ । वाजेदमाथि उक्त पदमा मनोनीत हुनका लागि आफ्नी आमाको शक्तिप्रयोग गरेको आरोप लागेको छ । उहाँले आरोपको खण्डन गर्दै आउनुभएको छ ।

"म स्वस्थ दक्षिण-पूर्वी एसिया निर्माण गर्न आतुर छु", विश्वको एक चौथाइ जनसङ्ख्या रहेको ११ राष्ट्रको क्षेत्रको नेतृत्व गर्ने पदका लागि छनोट भएपछि वाजेदले सामाजिक सञ्जाल एक्स (ट्वीटर) मा लेख्नुभएको छ । स्वास्थ्यसम्बन्धी प्रतिष्ठित जर्नल द ल्यान्सेटले यो पोस्टलाई 'विशेष गरी सङ्कटको समयमा विश्वव्यापी स्वास्थ्य सेवाका लागि सबैभन्दा महत्वपूर्ण भूमिकाहरूमध्ये एक' भएको उल्लेख गरेको छ ।

द ल्यान्सेटले सेप्टेम्बरमा वाजेदको उम्मेदवारीले 'पारदर्शिता र नातावादमाथि प्रश्न उठाएको' उल्लेख गर्दै हरेक अन्य राष्ट्रले चिकित्सक वा विद्यावारिधि गरेका वा दुवै योग्यता भएका उम्मेदवारलाई पदका लागि सिफारिस गरेका बताएको थियो ।

ल्यान्सेटले भनेको छ, "वाजेदको हजुर बुवाको नाममा स्थापित बङ्गलादेशी विश्वविद्यालयले मानार्थ विद्यावारिधिको उपाधि दिएको र सम्भवतः यसकै आधारमा एक्समा डाक्टर सायिमा वाजेद नामक अकाउन्ट खोलिएको र यसैलाई आधार बनाएर उहाँलाई नियुक्ति दिइएको छ ।"

वाजेदले फ्लोरिडाको ब्यारी युनिभर्सिटीबाट विद्यालय मनोविज्ञानमा 'एड्भान्स्ड ग्राजुएट डिग्री' हासिल गर्नुभएको नियुक्तिका लागि दिइएको उहाँको निवेदनमा उल्लेख छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को वरिष्ठ भूमिकामा तीन दशकभन्दा बढी समय काम गरेको अनुभव भएका वासिङ्टन विश्वविद्यालयका विश्व स्वास्थ्य विषयका प्राध्यापक ६५ वर्षीय शम्भु आचार्यलाई बुधबार भएको गोप्य मतदानमा उहाँले पराजित गर्नुभएको हो ।

वाजेदले गत महिना नातावादको दाबीलाई अस्वीकार गर्दै आफूलाई बङ्गलादेशको रणनीतिक मानसिक स्वास्थ्य योजनाका लागि प्रमुख सल्लाहकारमा नियुक्त गरिएको बताउनुभएको थियो । उहाँले लेख्नुभएको छ, "मेरो स्पष्ट जानकारी र अनुभवलाई अवमूल्यन गरिनु र मलाई मेरी आमाको छोरीको रूपमा मात्र सीमित गर्नु लैङ्गिक विभेद हो र विरोधलाई पनि त्यस्तै रूपमा सम्बोधन गर्नुपर्छ ।"

नयाँ दिल्लीमा भएको जी-२० शिखर सम्मेलन, दक्षिण अफ्रिकाको ब्रिक्स शिखर सम्मेलन र संयुक्त राष्ट्रसङ्घको महासभालगायत थुप्रै उच्चस्तरीय कूटनीतिक कार्यक्रममा वाजेद आफ्नी आमासँगै जानुभएको थियो । देशका संस्थापक नेताकी छोरी तथा वाजेदकी आमा हसिना १५ वर्षदेखि बङ्गलादेशको सत्तामा हुनुहुन्छ भने उहाँले तीव्र आर्थिक वृद्धिको नेतृत्व गरिरहनुभएको छ तर उहाँको सरकारमाथि भ्रष्टाचार र मानव अधिकार उल्लङ्घनको आरोप लाग्दै आएको छ ।

बङ्गलादेश, जहाँ तीन महिनाभित्र आम चुनाव हुनेछ, मा हसिनाका धेरै समर्थकले वाजेदलाई आफ्नी आमाको सम्भावित उत्तराधिकारीको रूपमा हेर्छन् । वाजेदको मनोनयनलाई जनवरीमा डब्लुएचओको शीर्ष बोर्डले अनुमोदन गर्नुपर्नेछ ।

# गाजा युद्धमा नौ इजराइली सैनिक मारिए : सेना

एएफपी

जेरुसेलम । मङ्गलबार गाजामा युद्धका क्रममा नौ इजराइली सैनिक मारिएको सेनाले बताएको छ । योसँगै अक्टोबर ७ यता अहिलेसम्म मारिने इजराइली सैनिकको कूल सङ्ख्या तीन सय २६ पुगेको छ ।



सेनाका अनुसार मङ्गलबार प्यालेस्टिनी क्षेत्रमा भएको लडाइँमा दुई सैनिक गम्भीर घाइते भएका छन् । प्यालेस्टिनी आतङ्कवादी सङ्गठन हमासद्वारा इजराइलको इतिहासमा सबैभन्दा खराब हमलापछि हमासविरुद्ध इजराइली सेना युद्धमा होमिएको छ ।

यसैबीच गाजाको सबैभन्दा ठूलो शरणार्थी शिविरमा भएको इजराइली हमलामा मङ्गलबार कम्तीमा ४७ मानिस मारिएका छन् । इजराइलले मारिनेमा अक्टोबर ७ को हमलामा संलग्न हमास कमाण्डर पनि रहेको बताएको छ ।

राति हुनुभन्दा पहिला बाक्लो जनसङ्ख्या भएको जबालिया शिविरमा ठूलो विस्फोट हुँदा वरपरका भवनका बाहिरी भाग क्षतिग्रस्त भएको थियो भने फोहोरले भरिएको एउटा गहिरो खाडल बनेको थियो ।

सयौं दर्शक र स्वयंसेवकहरू कङ्क्रिट ब्लकहरूमा पञ्जा लगाएर जीवितहरूलाई खोजिरहेका थिए । एएफपीले कम्तीमा ४७ शव फेला परेको बताएको छ ।

स्थानीय बासिन्दा ४१ वर्षीय रागेब अकलले विस्फोटको तुलना 'भूकम्प' सँग तुलना गर्दै भन्नावेशमा दबिएका घर र शरीरमा चोट लागेका ठूलो सङ्ख्यामा घाइते र शवहरू देखेको बताए ।

आफ्नो युद्धक विमानहरूले साइटमा एउटा 'विशाल' सुरुङ परिसरमा हमला गरेको इजराइलले बताएको छ । इजराइली सेनाका अनुसार उक्त सुरुङ परिसरमा स्थानीय बटालियन कमाण्डर इब्राहिम बियारीसहित थुप्रै आतङ्कवादी मारिएका थिए ।

सेनाका प्रवक्ता जोनाथन कन्रिकसले बियारीलाई गत महिना इजराइलमा हमासको हमलाको योजना र कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो । हमासको उक्त हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयको ज्यान गएको थियो । इजराइलका नेताहरूले मुलुकको इतिहासमै सबैभन्दा खराब हमलाको बदला लिनका लागि हमासलाई 'निमिट्यान्न' पार्ने वाचा गरेका छन् ।

# तालिबानद्धारा अफगानीलाई पाकिस्तान छोड्ने समय बढाउन माग

एएफपी

काबुल । निर्वासनको डरले भागिरहेका हजारौं मानिसको सङ्ख्याका कारण सीमा चौकीहरूमा दबाब बढेको भन्दै अफगानिस्तानको तालिबान सरकारले बुधबार कागजातविहीन अफगानीहरूलाई पाकिस्तानबाट निकाल्न पाकिस्तानसँग थप समय दिन आग्रह गरेको छ ।

पाकिस्तान सरकारले आफ्नो मुलुकमा अवैधरूपमा बसेका १७ लाख अफगानीहरूलाई नोभेम्बर १ सम्ममा स्वेच्छाले मुलुक छोड्न वा जबरजस्ती हटाउने समय दिएको थियो ।

तोर्खाम र चमन सहरका सीमा अधिकारीहरूका अनुसार अक्टोबरको सुरुमा आदेश दिइएपछि एक लाख ३० हजारभन्दा बढी अफगानीले पाकिस्तान छोडेका छन् । जसबाट सीमाको दुवैतिर अवरोध सिर्जना भएको छ ।

दशकौंको सङ्घर्षका क्रममा आफ्नो देशबाट भागेका लाखौं अफगानीको आतिथ्यता गर्ने पाकिस्तान र अन्य मुलुकलाई तालिबान अधिकारीहरूले धन्यवाद दिएका छन् । अधिकारीहरूले एक विज्ञप्तिमा थोरै सूचना दिएर उनीहरूलाई निर्वासन नगर्न र तयारी गर्न समय दिन आग्रह गरेका छन् ।

सन् २०२१ मा सत्ता सम्हालेपछि तालिबान सरकारले अफगानीहरूलाई स्वदेश फर्कन आग्रह गरेको छ । तर उसले पाकिस्तान सरकारको कार्यको निन्दा गर्दै इस्लामाबाद र काबुलबीचको तनावका लागि नागरिकहरूलाई सजाय दिइरहेको बताएको छ । तालिबान सरकारले अफगानीहरूको प्रस्थानका लागि थप समय दिन आग्रह गरेको छ ।

# युनेस्कोद्वारा काराकासलाई सङ्गीतको सिर्जनात्मक सहर घोषणा

सिन्ह्वा

काराकस । संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले मङ्गलबार भेनेजुएलाको राजधानी काराकसलाई सङ्गीतको सिर्जनात्मक सहर तोकेको छ ।

युनेस्कोले यो वर्ष मङ्गलबार परेको विश्व सहर दिवसमा विश्वभरका ५५ सहरलाई सिर्जनात्मक सहरमा समावेश गर्नका लागि छनोट गरेको बताएको छ ।

युनेस्कोले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "यी नयाँ सहर उनीहरूको विकास रणनीतिको हिस्साका रूपमा संस्कृति र सिर्जनात्मकताको उपयोग गर्ने र मानवकेन्द्रित सहरी योजनाहरूमा नवीन अभ्यास प्रदर्शन गर्ने दृढ प्रतिबद्धताका लागि स्वीकार गरिएको हो ।"



महोत्तरी जिल्लाको मुख्य भन्सार नाका जलेश्वर नगरपालिका–३ स्थित भिठ्ठामोडमा भारतबाट नेपालका लागि सामान बाकेर आएका मालवाहक ट्रकहरू। तस्वीर : रासस

# नेपालको पूर्वाधार विकासमा लगानी गर्न महासङ्घका अध्यक्ष ढकालको आग्रह

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको पूर्वाधार विकासमा लगानी गर्न निजी क्षेत्र र विकास साझेदारहरूलाई आग्रह गर्नुभएको छ ।

बेलायतको लन्डनमा आयोजित लगानी सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले ठूला पूर्वाधार विकासका लागि नेपालले थप बाह्य पुँजी खोजिरहेकाले विदेशी निजी लगानीकर्ता तथा विकास साझेदारका लागि नेपाल आकर्षक लगानी स्थल रहेको बताउनुभयो ।

जलविद्युत्लाई नवीकरणीय ऊर्जा गणनामा समावेश गर्ने भारतको हालैको निर्णयबारे अध्यक्ष ढकालले बढ्दो भारतीय बजारले जलविद्युत् आयोजनामा लगानीको थप अवसर प्राप्त भएको प्रस्ट पार्नुभयो । बङ्गलादेशको सुदृढ अर्थतन्त्रले ऊर्जा माग बढ्दा नेपालको जलविद्युत्का लागि थप बजार सृजना भएको उहाँले सम्बोधनका क्रममा बताउनुभएको महासङ्घद्वारा बुधबार जारी प्रेस नोटमा उल्लेख छ ।

अध्यक्ष ढकालले भन्नुभयो, "दुई ठूला आकर्षक ऊर्जा बजार लक्षित नेपालको जलविद्युत्मा लगानी र सहकार्यका लागि बेलायती लगानीकर्ताहरूका साथै बहुपक्षीय र द्विपक्षीय विकास साझेदारहरूलाई विशेष आमन्त्रण गर्दछु ।" नेपाल बेलायती पर्यटकका लागि पहिलेदेखि नै लोकप्रिय गन्तव्य रहेको उल्लेख गर्दै उहाँले थप पर्यटकहरूलाई स्वागत गर्न तयार र उत्साहित रहेको बताउनुभयो ।

"काठमाण्डुस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति भएको तथा भगवान् बुद्धको जन्मस्थल लुम्बिनी र प्रसिद्ध पर्यटकीय गन्तव्य पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिएकाले पर्यटकहरूलाई नेपाल घुम्न थप सहज भएको छ", अध्यक्ष ढकालले भन्नुभयो, "त्यसैले बढ्दो पर्यटन बजारका लागि केबलकार, रिसोर्ट, थिमपार्क, हिल स्टेसन र स्तरीय होटेलजस्ता पर्यटन पूर्वाधारमा लगानीको ठूलो सम्भावना रहेको छ ।"

बहुराष्ट्रिय कम्पनीहरूले नेपालमा गरेको लगानीबाट उच्च प्रतिफल प्राप्त गरिरहेकाले उत्पादन, कृषि प्रशोधन, आइसिटीसहित अन्य क्षेत्रमा लगानी बढाउन पनि अध्यक्ष ढकालले आग्रह गर्नुभयो । उहाँले निर्यात बजार विस्तार भइरहेको र विभिन्न मुलुकसँग सहुलियतपूर्ण व्यापार सम्झौताहरू समेत भएकाले नेपालमा निर्यात केन्द्रित लगानीको अवसर रहेकोतर्फ लगानीकर्ताको ध्यानाकर्षण गराउनुभयो । लगानीका अवसरहरूको खोजी गर्न र लगानीमा हुने अवरोध हटाउन महासङ्घले लगानीकर्तालाई सहयोग गर्न संरचना तयार गरेको जानकारी दिँदै अध्यक्ष ढकालले विश्वस्त भएर नेपालकमा लगानी गर्न आह्वान गर्नुभयो ।रासस

# अर्बौंको कारोबार गर्ने कम्पनीलाई सेयर बजारमा ल्याउने योजना अलपत्र

**टुडे समाचारदाता**

काठमाण्डु । गत आर्थिक वर्ष २०७९-८० को बजेटमा सरकारले एक अर्ब रूपैयाँ वा सो भन्दा बढीको पुँजी वा ५ अर्ब रुपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनीले सेयर जारी गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख गऱ्यो । यसले सेयर बजारलाई आशावादी बनाएको थियो। बजारमा लगानी विविधीकरणको उपकरण पाइने आशा लगानीकर्तामा थियो। 'एक अर्ब रुपैयाँ वा सो भन्दा बढीको पुँजी वा ५ अर्ब रुपैयाँभन्दा बढीको कारोबार गर्ने कम्पनी, प्राकृतिक स्रोतहरूको उपयोग गर्ने कम्पनी तथा राज्यबाट अनुदान, सहुलियत वा कर छुट प्राप्त गर्ने कम्पनी पब्लिक लिमिटेड कम्पनीहरूलाई धितोपत्रको सार्वजनिक निष्कासन गरी सूचीकृत हुनुपर्ने व्यवस्था गरिनेछ,' बजेटमा उल्लेख छ ।

तर, बजेटले घोषणा गरेको डेढ वर्ष बित्दा पनि यसमा कुनै काम अघि बढेको छैन। 'सुरूमा एकाध छलफल भएका पनि थिए, 'धितोपत्र बोर्डका कार्यकारी निर्देशक तथा प्रवक्ता मुक्तिनाथ श्रेष्ठले भने, 'तर, त्यसपछि यसमा ठोस देखिने गरेर केही भएको छैन।' निश्चित रकमभन्दा माथिको रकमको कारोबार गर्ने कम्पनीलाई पब्लिक कम्पनीमा रूपान्तरण गराउने र सेयर बजारमा ल्याउने योजना यसअघि पनि पटक-पटक बनेको थियो। २०७५ सालमा पनि अर्थमन्त्रालयले यस्तो प्रयास गरेको थियो । तर, बजारमा आफैं आउन नचाहेका राम्रा कम्पनीहरूलाई सरकारले समेत बाध्यकारी बनाउन सकेको छैन। नेपालमा हाल बैंक तथा वित्त कम्पनी, बीमा कम्पनी र जलविद्युत कम्पनीलाई बाहेक अन्यलाई अनिवार्य रूपमा सेयर जारी गर्नैपर्ने व्यवस्था भने छैन। यही कारण बजारमा अहिले पनि बैंक तथा वित्तीय संस्थाको वर्चश्व छ। स्थानीय स्रोतमा निर्भर क्षेत्रले स्थानीय बासिन्दालाई अनिवार्य सेयर दिनैपर्ने व्यवस्थाको कारण पछिल्लो समय जलविद्युत कम्पनीहरूको संख्यामा भने उच्च वृद्धि भएको छ। यही प्रावधानको कारण एकाध सिमेन्ट उद्योग पनि बजारमा आएका छन्।

त्यस बाहेकका अन्य कम्पनीहरूले पुँजी आवश्यकता देखिएमा मात्रै सर्वसाधारणमा सेयर जारी गर्ने गरेका छन्। बैंकबाट ऋण लिएर पुँजी प्राप्त गर्नुभन्दा सर्वसाधारणमा सेयर जारी गरेर बिना ब्याजको रकम उठाउनु सजिलो हुने भए पनि कम्पनीहरू यो प्रक्रियामा आउन खासै इच्छुक देखिँदैनन् ।

पहिले कम्पनीहरूले अंकित मूल्य एक सय रूपैयाँकै आधारमा सेयर जारी गर्नुपर्ने बाध्यता थियो। तर, केही वर्षयता कम्पनीहरूले प्रिमियम मूल्य थपेर र बोलकबोल प्रक्रियाबाट मूल्य निर्धारण गरेर समेत सेयर जारी गर्न सक्ने व्यवस्था छ। यो व्यवस्थापछि उत्पादनमूलक क्षेत्रका केही कम्पनीहरू पनि बजारमा आएका छन् । हालै मात्र सर्वोत्तम सिमेन्टले बोलकबोल प्रक्रियाबाट मूल्य निर्धारण गरेर योग्य संस्थागत लगानीकर्ताहरूको लागि सेयर जारी गर्ने तयारी गरेको छ। त्यसपछि कायम हुने मूल्यमा १० प्रतिशतले घटेर सर्वसाधारणमा समेत सेयर जारी हुनेछ। यसरी मूल्य निर्धारणमा समस्या नभए पनि कम्पनीहरू बजारमा आउन चाहिरहेका छैनन्। कम्पनीहरू बजारमा आउन नचाहनुका पछाडि विभिन्न कारण रहेको मानिन्छ। कतिपय कम्पनीहरू समूहको अधीनमा चलेका पनि छन् ।

आफ्नो समूहको पकड कायमै राख्न चाहने, आफ्नो मुनाफामा अरुलाई सहभागि गराउन नचाहने, सर्वसाधारण सेयरधनीबाट प्रतिनिधित्व गर्ने सञ्चालक सधै असल पर्ने सम्भावना नरहने लगायतका कारण पनि कम्पनीहरू पब्लिकमा रुपान्तरण भएर सेयर जारी गर्न इच्छुक हुने नगरेको सेयर लगानीकर्ताहरू बताउँछन्।

जबकी आर्थिक वर्ष २०७९-८० को बजेटमा उल्लेख भए अनुसारका कम्पनीहरू सयौंको संख्यामा छन्। धितोपत्र बोर्डका अनुसार अहिले पनि देशभित्र एक अर्बभन्दा बढी चुक्ता पुँजी हुने कम्पनीको संख्या ५ सय हाराहारी छन् । वार्षिक पाँच अर्बभन्दा धेरै रकमको कारोबार गर्ने कम्पनीको संख्या पनि कम छैन। हामीले यस्ता २७ कम्पनीको सूची यहाँ प्रस्तुत गरेका छौं। कम्पनीहरूले कर्जा लिने प्रयोजनको लागि रेटिङ गराउने क्रममा सार्वजनिक भएका विवरणको आधारमा यो सूची तयार पारिएको छ ।

# सुपारी आयातमा 'काउन्टरभेलिङ' महशुल लगाउन निर्देशन

काठमाण्डुप्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले सुपारी आयातमा 'काउन्टरभेलिङ' महसुल लगाउन सरकारलाई निर्देशन दिएको छ । बुधबार बसेको समितिको बैठकले यस्तो महसुल लगाउन निर्देशन दिने निर्णय गरेको सभापति अब्दुल खांनले जानकारी दिनुभयो ।



"नेपालमा आयात हुने सुपारीमा काउन्टरभेलिङ कर लगाउन र सो बापत असुल गरिने रकम सुपारी किसानलाई अनुदानका रूपमा उपलब्ध गराउन सरकारलाई निर्देशन दिइएको छ", सभापति खांनले भन्नुभयो । सेफगार्ड, एन्टि-डम्पिङ तथा काउन्टरभेलिङ सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ ले स्वदेशी उद्योगलाई गम्भीर हानीनोक्सानी पुग्ने वा पुग्न सक्ने अवस्थामा भन्सार महसुलका अतिरिक्त काउन्टरभेलिङ महसुल लगाउन सक्ने व्यवस्था गरेको छ ।

सोही ऐनको व्यवस्थाअनुसार सुपारी आयातमा काउन्टरभेलिङ महसुल लगाउन समितिले सरकारलाई निर्देशन दिएको हो । नेपालमा उत्पादन भएर विदेशमा निकासी हुने सुपारीको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थासम्बन्धी कार्यविधि, २०६८ लाई परिमार्जन गर्न पनि समितिले निर्देशन दिएको छ । त्यस्तै, नयाँ बन्ने आवधिक योजनामा सुपारी खेतीलाई प्रवर्द्धनको नीति लिन सरकारलाई समितिले निर्देशन दिएको छ । "सुपारी खेतीमा किसानको आकर्षण बढिरहेको छ । तर सरकारी निकायबाट यस खेतीलाई अपेक्षित रूपमा प्रवर्द्धन गर्ने कार्य भएको नपाइएकाले आगामी १६औँ पञ्च वर्षीय आवधिक योजना तर्जुमा गर्दा सुपारी खेतीलाई प्रवर्द्धन गर्ने नीतिगत व्यवस्थाका गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिइन्छ", सभापति खांनले भन्नुभयो । सुपारी खेतीलाई कृषिजन्य वस्तुको रूपमा सूचीकृत गर्न सरकारले कृषि उपजमा प्रदान गर्ने अनुदानलगायत सुविधा तथा सहुलियत सुपारी किसानलाई उपलब्ध गराउन पनि समितिले निर्देशन दिएको छ ।

सुपारी प्रशोधनका लागि आवश्यक यान्त्रिक उपकरण खरिद गर्न किसान समूह वा सहकारी संस्थालाई सहजीकरण गर्न पनि निर्देशन दिइएको छ । सुपारी किसानलाई उन्नत बिउबिजन, मलखाद र जनशक्ति उपलब्ध गराउने र किसानको प्रतिनिधिसमेत राखेर सुपारी उत्पादनको एकीकृत तथ्याङ्क सङ्कलन गर्न पनि समितिले निर्देशन दिएको छ ।

नेपालमा उत्पादित सुपारीको उत्पत्तिको प्रमाणपत्र जारी गर्न ल्याब परीक्षणलगायत व्यवस्था गरी विश्व बजारमा नेपाली उत्पादन निर्यात गर्नसक्ने वातावरण बनाउन सरकारलाई निर्देशन दिइएको छ । बुधबारको बैठकमा अप्रशोधित काँचो सुपारी निर्यात गर्न दिने विषयमा छलफल भएको थियो । तर समितिमा सांसदहरूले यस्तो निर्देशन दिन नहुने भन्दै विरोध गरेपछि सभापति खानले उक्त विषय माइन्युटबाट हटाउनुभएको थियो ।

नेपालमा उत्पादन हुने सुपारी भारतलगायत विभिन्न देशमा निर्यातका लागि समस्याका सम्बन्धमा उजुरी परेपछि समितिले यस विषयमा सरोकारवाला निकाय र व्यक्तिहरूसँग छलफल गरिरहेको छ । नेपाल सुपारी खेती विकास संस्था र नेपाल सुपारी खेती किसान पहल समितिले नेपालमा उत्पादित सुपारी निकासीका लागि सहजीकरण गरिदिन भन्दै समितिमा निवेदन दिएका थिए। सुपारी निकासीका लागि उत्पत्तिको प्रमाणपत्र (सर्टिफिकेट अफ ओरिजिन) चाहिने र यस्तो प्रमाणपत्र जारी गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नमानेको उनीहरूको भनाइ छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयले नेपालमा उत्पादित सुपारी निर्यात गर्नका उत्पत्तिको प्रमाणपत्र जारी गरिदिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पत्राचार गरेको भए पनि उक्त पत्रमाथि कारबाही नभएको भन्दै सुपार व्यवसायी तथा किसानले समितिमा उजुरी हालेका थिए । तर, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भने संसदीय समितिको यसभन्दा अघिको निर्देशनका कारण उत्पत्तिको प्रमाणपत्र जारी गर्न समस्या भएको बताउँदै आएको छ । राष्ट्रियसभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिले २०७९ साल साउन १६ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई पत्र पठाउँदै डिएनए परीक्षणबाट नेपालमा उत्पादित भएको भनी प्रमाणित सुपारीलाई मात्र निर्यातको अनुमति दिन मन्त्रालाई निर्देशन दिएको थियो ।रासस

# तिमिलाले जिते एक लाख




**टुडे समाचारदाता**

काठमाण्डु । डिशहोमको 'हरेक हप्ता सुपरस्टार सिजनकै मेगास्टार' योजना अन्तर्गत ७१९०७५३८८८९ कास आइडीका ग्राहक परशुराम तिमिलाले एक लाख रूपैयाँ जितेका छन् ।

सोमबार भएको लक्की ड्र मार्फत तिमिलाले एक लाख रूपैयाँ जितेका हुन्। नेपालकै अग्रणी डिटिएच सेवा प्रदायक डिशहोमले दसैं तिहारलाई लक्षित गर्दै आफ्नो नयाँ योजना 'हरेक हप्ता सुपरस्टार सिजनकै मेगास्टार' सार्वजनिक गरेको हो ।

यस योजना अन्तर्गत डिशहोमको नयाँ जडान अथवा रिचार्जमा ग्राहकहरूले हरेक हप्ता लक्की ड्र मार्फत् एक लाख रूपैयाँ प्राप्त गर्न, मिडिया कभरेज प्राप्त गर्न र सेलिब्रेटी झैँ जीवनशैली अनुभव गर्न सक्नेछन्।

त्यस्तै यस अभियानका बम्पर विजयी ग्राहकले सिजनकै मेगास्टार बन्ने मौका प्राप्त गर्नेछन्। जसमा नगद दश लाख रूपैयाँ, मिडियामा प्रसिद्धी र सेलिब्रेटी झैँ जीवनशैलीको अनुभव पनि गर्न पाउनेछन्।

यस अभियानमा सहभागी हुनका लागि ग्राहकहरूले डिशहोमको नयाँ कनेक्सन वा डिशहोम रिचार्ज गर्नुपर्ने हुन्छ।

सुपरस्टारको छनोट हरेक हप्ताको सोमबार डिशहोमको सोकेश, सरोकार टिभी, रमाइलो टिभी, डिशहोमको आधिकारीक फेसबुक पेज र इमेज टिभीमा साँझ ५ बजे प्रसारण हुने कम्पनीको भनाइ छ ।

## शेयर बजारको ओरालो यात्रा कायमै

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको ओरालो यात्रा बुधबार पनि कायमै देखिएको छ । मङ्गलबार दोहोरो अङ्कले घटेको नेप्से परिसूचक बुधबार पाँच दशमलव ८३ अङ्कले घटेको छ ।

बुधबारको कारोबारपछि नेप्से परिसूचक एक हजार आठ सय ५८ दशमलव ५६ को बिन्दुमा कायम भएको छ । बुधबार दुई सय ९६ कम्पनीको ३३ लाख ६४ हजार ५६ कित्ता शेयर ७७ हजार आठ सय ७० पटक खरिदबिक्री हुँदा रू ८१ करोड २० लाख ८९ हजार दुई सय ९१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

लगानी समूह शून्य दशमलव ०८ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेका छन् । सबैभन्दा धेरै होटल तथा पर्यटन समूह एक दशमलव ०१ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ९८ प्रतिशतले घटेको छ । सयपत्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्य बुधबार सबैभन्दा धेरै नौ दशमलव ३९ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्य सात दशमलव ९९ प्रतिशतले घटेको छ ।रासस

# चाडपर्वले बजारमा नगद प्रवाह बढ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । मुख्य चाडवार्ड दसैं-तिहारले बजारमा नगद प्रवाह (करेन्सी ईन सर्कुलेशन) बढ्न पुगेको छ । नेपाल राष्ट्र बैंकका अनुसार असोज मसान्तसम्ममा बजारमा कूल ६ खर्ब ५८ अर्ब ९९ करोड १५ लाख रुपैयाँ नगद प्रवाह भएको छ ।

यो गत असार मसान्तको तुलनामा ३३ अर्ब २० करोड ३६ लाख रुपैयाँले बढी हो । २०८० असार मसान्तसम्ममा बजारमा कूल ६ खर्ब २५ अर्ब ७८ करोड ७८ लाख रुपैयाँ नगद प्रवाह भएको थियो ।

खासगरी चाडपर्वका बेला सर्वसाधारण उपभोक्ताहरुले उपभोग्य वस्तुको खरिद बिक्री तथा घरायसी खर्चका लागि बैंकहरुबाट पैसा झिक्दा बजारमा पैसा बढ्न पुगेको हो । चाडपर्व सकिएसँगै क्रमशः यी पैसा बैंकिङ च्यानमा फर्किने विश्वास गरिएको छ । उसो त अघिल्लो वर्षको यसै समयमा पनि नगद प्रवाह बढ्न पुगेको थियो ।


## भुमिसुधार तथा मालपोत कार्यालय गौर रौतहट
## मोहीयानी हकदावी बारे ३५ दिने सुचना

तपसिलको जग्गाको मोही मरुवा विशुनी सहनी मलाह महम्दपुर ४ हाल गरुडा नपा ५ ले मोही लगत कटटा गरी पाउ भनि ज.ध.तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिमभै जानेछ ।

**तपसिल**

| ज.ध.को नाम | जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | मोही |
|---|---|---|---|---|---|---|
| कवाइ साह कानु | रौतहट | महम्दपुर | ४ | ५३५।१०५६ | ०-२-१ | कवाइ साह कानु |
| " | " | " | ४ | ५३५।१०५७ | ०-२-१ | " " " |

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ घर भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १ बस्ने श्री अघुनी साफीको नाती, श्री गुदरी साफीको छोरा वर्ष ७५ को श्री सदीक साफी मिति २०७७/१०/१९ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४०७०३८७५ मा भएको रकम भुक्तानी पाऊँ भनी निज मृतकको छोरा श्री असलम साफीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ को दफा ८१ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०६३ बमोजिम भईजाने हुंदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर– २, धनुषा
फोन ०४१–५९०२६१

## प्रारम्भिक वातावरणीइ परिक्षण (IEE) प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

मधेश प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत धनुषा जिल्लाको मनहरपुर (शहिद मार्ग)-बकचौरा-हंसपुर-खरयानी-सिमरारी सडक (१६.३५ कि.मी.) खण्डको स्तरोन्नती गर्न विश्व बैंक (World Bank) को प्रावधान अनुसार वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना (ESMP) र वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गरी स्वीकृत हुनुपर्ने प्रावधान अनुसार प्रतिवेदन तयारीको सिलसिलामा सोही नियमावलीको नियम ६ बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावकको नाम र ठेगाना** : भौतिक पूर्वाधार विकास मन्त्रालय, जनकपुरधाम, नेपाल
**प्रस्तावको व्यहोरा** : मनहरपुर (शहिद मार्ग)-बकचौरा-हंसपुर-खरयानी-सिमरारी सडक (१६.३५ कि.मी.) खण्डको स्तरोन्नती
**प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** : धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका वडा नं. १७, हंसपुर नगरपालिका वडा नं. १,२,३,५,७ र सबैला नगरपालिका वडा नं. १०

उक्त प्रस्तावको प्रारम्भिक वातावरणीइ परिक्षण प्रतिवेदन तयारीको क्रममा वातावरणीय सवाल बारे राय सुझाव संकलन गर्नुपर्ने भएकोले स्थानीय तहका प्रतिनिधिहरु, स्थानीइ संघ संस्थाको प्रतिनिधीहरु, वन उपभोक्ता समुहका प्रतिनिधिहरु, स्थानीय जनता तथा सरोकारवालाहरुको र प्रस्तावको प्रतिनिधि बीच प्रस्तावको बारेमा सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै उपस्थित भई राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान**

| सि. नं. | नगरपालिका तथा वडाहरु | मिति र समय | स्थान |
|---|---|---|---|
| १ | जनकपुरधाम उपमहानगरपालिका वडा नं. १७ | समय : बिहान ७ बजे<br>मिति : २०८०/०७/१८ | वडा नं. १७ को सरस्वती बजार (तेतरीया) |
| २ | हंसपुर नगरपालिका वडा नं. १,२,३,५,७ | समय : दिनको ११ बजे<br>मिति : २०८०/०७/१८ | वडा नं. ५ को श्री मोहन मा.वि., सुगानिकास |
| ३ | सबैला नगरपालिका वडा नं. १० | समय : दिनको ३ बजे<br>मिति : २०८०/०७/१८ | वडा नं. १० को खरयानी चोक |

# क्रस बोर्डर आपराधिक घटनामा वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्लो समयमा मधेश प्रदेशका जिल्लाहरुमा क्रस बोर्डर आपराधिक घटनामा वृद्धि भएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ मा धनुषा प्रहरीले विभिन्न आपराधिक घटनामा ३ महिलासहित १० जनालाई पक्राउ गरी कानुनी कारबाहीको लागि जिल्ला अदालत धनुषामा मुद्दा चलाएको छ । जिल्ला धनुषाका अनुसार चालु आर्थिक वर्षमा कर्तव्य ज्यान मुद्दामा १, औषधमा २, हातहतियार तथा खरखजानामा १, एक महिलासहित २ र अभद्र व्यवहारमा २ महिलासहित ४ जना गरी १० जना भारतीय नागरिक पक्राउ परेका छन् ।



गत साउन ५ गते धनुषाको लक्ष्मीनिया गाउँपालिका-७ बस्ने शिवमुरत सिंहलाई भारत उत्तर प्रदेश सुनौली जिल्लाको भवानीपुरका सुरज कुमार सिंहले हत्या गरेका थिए । सो घटनाका दोषी ठहर भएका सुरज अहिले कारागारमा रहेको जिल्ला प्रहरी धनुषाले जनाएको छ । सीमावर्ति क्षेत्रका सुरक्षा निगरानी बढाएका कारण भारतीय अपराधीहरु सहज रुपमा हतियारसहित नेपालमा प्रवेश गरी विभिन्न आपराधिक क्रियाकलाप गर्ने गरेको जानकारहरु बताउँछन् । मधेश प्रदेशसँग सीमा जोडिएको भारतको बिहार राज्यमा सानो हतियार हरुको बिगबिगि रहेको र सहज रुपमा भारतीय बजारमा पाइने ती हतियार नेपालको भूमिमा प्रयोग गरी आपराधिक क्रियाकलाप गरेको छ । केही वर्ष अघि धनुषाको सीमावर्ति क्षेत्रमा भारतीय रक्सी तस्कर र प्रहरीबीच दोहोरो झडप भएको थियो । उक्त झडपमा नेपालका प्रहरी घाईते भएका थिए ।

यता, धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले सीमावर्ति क्षेत्रको सुरक्षा निगरानी बढाएको बताए । नेपाल र भारतका काउन्टर पार्ट मिटिङ्गहरुमा पनि सुरक्षाको विषयमा दुबै देशका सुरक्षा अधिकारीहरुले एकअर्कालाई सहयोग गर्ने लगायतका विषयमा सहमति भएको र सोही अनुसार कार्य भईरहेको उनले बताए ।

त्यसैगरि, सीमावर्ति क्षेत्रमा एलआरपी अर्थात लङ्ग रेन्ज पेट्रोलिङ्ग तथा एसआरपी अर्थात शट रेन्ज पेट्रोलिङ्ग नेपाल प्रहरी र सशस्त्र प्रहरीले संयुक्त रुपमा गर्दै आएको उनले बताए । त्यसबाहेक सीमावर्ति नाकाहरुमा सरपराईज चेकजाँच, भारतीय नम्बर प्लेटका गाडीहरुलाई बढी चेकजाँच गर्ने, सीमावर्ति क्षेत्रमा सादा पोशाकमा प्रहरीहरु परिचालन गरिएको उनले बताए ।

# वित्तीय संकटले ईट्टा उद्योग धरासायी

**टुडे समाचारदाता**

सर्लाही । बैंकको ब्याजदरलाई एकल अंकमा राखेर ईट्टा उद्योगीहरुले लिइरहेको कर्जाको किस्ता र ब्याज बुझाउने अवधि वृद्धि गर्ने व्यवस्था गरिदिनुपर्ने माग राखेर सर्लाही ईट्टा उद्योग व्यवसायी संघले प्रमुख जिल्ला अधिकारीमार्फत अर्थ मन्त्रालयलाई ज्ञापनपत्र बुझाएका छन् ।



संघका जिल्ला अध्यक्ष जगरनाथ रायको अगुवाइमा बुधबार मलंगवास्थित जिल्ला प्रशासन कार्यालयमा पुगेका ईट्टा उद्योग व्यवसायीहरुले प्रजिअ कोमल प्रसाद धमलामार्फत अर्थ मन्त्रालयलाई ज्ञापनपत्र पठाएका छन् ।

कोइला खरिद गर्दा अग्रिम रकम पठाउनुपर्ने प्रावधान, मूल्य वृद्धि र न्यून गुणस्तरको कोइलाको आपूर्ति तथा वित्तीय संकटका कारण उद्योगीहरुमा नैराश्यता छाएर उद्योगहरुको संख्यामा ह्रास आएकोले यस्तो विषम परिस्थितिका कारण सृजना भएको आर्थिक संकटको अवस्थालाई मनन गरी पर्न गएको वित्तीय संकटलाई सम्बोधनको लागि पहल गरिदिन भन्दै उद्योगीहरुले ज्ञापनपत्रमार्फत अर्थ मन्त्रालयसँग अनुरोध गरेका छन् ।

बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लगानी, पुनरकर्जा लगानी हुन नसकेकोले उद्योगी व्यवसायी तथा सर्वसाधारणहरुले सहज तरिकाले कर्जा पाउन नसक्दा विगतको कोभिड महामारीको असर तथा रसिया युद्धका कारण वैदेशिक रोजगारीबाटसमेत भित्रिनुपर्ने रेमिटान्समा ह्रास आउँदा भौतिक संरचनाको निर्माणको गति पनि प्राय ठप्प हुन गइ निर्माण सामग्रीहरुको माग पनि न्यून अवस्थामा रहेकोले विगत २-३ वर्ष अगाडि उत्पादन गरिएका ईट्टाहरु समेत बिक्री वितरण हुन नसकी उद्योग परिसरमा नै ठूलो परिमाणमा ईट्टाहरु स्टक रहँदा व्यवसायीहरुमा चरम वित्तीय संकट उत्पन्न भएको उल्लेख छ ।

अर्को तर्फ निर्माणकार्य गरे वापत समयमा भुक्तानी पनि पाउन सकेको छैन । नेपाल सरकारले पनि आ.व २०७७/०७८ र ०७८/०७९ मा पुँजीगत शीर्षकमा न्यून रकम खर्च गरेका कारण भौतिक निर्माणकार्यले गति लिन नसक्दा अपेक्षाकृत रुपमा ईट्टाहरु बिक्री हुन नसकी उद्योगीहरुमा पुँजीको अभाव भइ आगामी दिनमा उद्योग संचालन गर्न सक्ने सामर्थ्य नै नरहेको उद्योगीहरु पानी बिनाको माछा झै छट्पटाइरहेको उनीहरूले विज्ञप्तिमार्फत दुखेसो पोखेका छन् ।

उद्योगीहरुमाथि मडारि रहेको आर्थिक संकटको कालो बादल हटाउन पहल गरी ऋण उपलब्ध गराउने बैंक तथा वित्तीय संस्थाहरुले उद्योगीहरुले लिएको ऋणको किस्ता र ब्याज बुझाउन ताकेता गर्दा दिएको भाखा भित्र किस्ता र ब्याज बुझाउन नसक्दा धितो सुरक्षण बापत बैंक तथा वित्तीय संस्थालाई दिएको जेथाजमानी लिलाम बिक्रीको प्रक्रियालाई अगाडि बढाउँदै उद्योगीहरुको उठिबास गराउने काम भइरहेकोले यस संकटपूर्ण अवस्थाको गम्भीरतालाई आत्मसात गरी तत्कालको लागि बैंक ब्याजदरलाई एकल अंकमा राखी लिएको कर्जाको सावा र ब्याजको किस्ता बुझाउने अवधि २०८२ साल असार मसान्तसम्म कायम गर्ने गरी ईट्टा उद्योगीहरुको माग कार्यान्वयन गर्न गराउन अनुरोध गर्दै सर्लाहीका ईट्टा उद्योगीहरुले प्रजिअ धमला मार्फत अर्थ मन्त्रालयमा ज्ञापनपत्र पठाएका छन् ।

भौतिक संरचनाहरुको निर्माणकार्यका लागि आवश्यक पर्ने सामग्रीहरुमा ईट्टा प्रमुख वस्तुमा पर्ने गरेकोले देशभर उत्पादित ईट्टाले यसको माग पूर्ति गर्दै आएको छ । ईट्टा उद्योग सुख्खा याममा सञ्चालन हुने र यसमा गरिबीको रेखामुनि रहेका मानिसहरुलाई रोजगार दिने खुल्ला आकाश मुनि सञ्चालन हुने मौसमी उद्योग भएकोले उद्योग सञ्चालनको क्रममा हुने बेमौसमी वर्षाले ठूलो परिमाणमा काँचो ईट्टाहरु नष्ट भएर लगानी डुब्ने गरेको छ ।

२०७६ सालको कोभिड १९ को संक्रमणको समय देखिनै यसको सञ्चालनको अवस्था दयनीय रहेको छ । २०७७ सालमा पनि कोभिड १९ को संक्रमणको अवस्था यथावत जस्तै रहेकोले सो वर्ष पनि पर्याप्त कामदारहरु नआए जिल्लाहरुमा सञ्चालित धेरैजसो उद्योगहरु बन्दनै रहेका थिए । जसले गर्दा ७०-८० प्रतिशत मात्र उद्योगहरु सञ्चालन भएका थिए ।

आर्थिक वर्ष २०७८/०७९ र ०७९/०८० सम्म पनि जिल्लामा रहेका ईट्टा उद्योगहरुमध्ये ५०-६० प्रतिशत मात्र उद्योगहरु सञ्चालनमा आएको र ती उद्योगहरु पनि २-३ राउन्ड ईट्टा उत्पादन गरी बन्द भएका थिए ।

# बस्तीमा हात्तीको त्रास

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला नगरपालिकाको जंगल नजिकको बस्तीमा हात्तीको त्रास बढेको छ । बस्ती नजिकको जंगलमा



दैनिक हात्तीहरु देखिन थालेपछि बस्तीमा त्रास बढेको छ ।

सबडिभिजन वन कार्यालय लालगढका वन अधिकृत मदन चौधरीका अनुसार नगरपालिकाको-७ पोखरी दमार सामुदायिक वन क्षेत्रमा हात्ती देखिएको छ । विगत चार दिनदेखि सो क्षेत्रमा हात्ती देखिएकोजानकारी दिँदै उनले अहिलेसम्म बस्ती प्रवेश नगरेको र मानवीय क्षति नभएको बताए ।

हात्ती देखिन थालेपछि जङ्गलमा घाँस दाउरा गर्न जानेलाई सामुदायिक वनका पदाधिकारी तथा वन कर्मचारीले सजग गराएका छन् । जङ्गलतिर जाँदा वा रातिको समयमा जङ्गल छेउका बस्तीवासीलाई सचेत रहनसमेत आग्रह गरिएको वन अधिकृत चौधरीले बताए ।

कार्यालयका अनुसार अघिल्लो वर्ष जंगली हात्तीले ढल्केवरका सात वटा घरमा क्षति गरेको थियो भने दुई वर्षअघि हात्तीको आक्रमणबाट एक जना वृद्धको मृत्यु भएको थियो ।

# कलेजको भवनबाट लडेर विद्यार्थी घाइते

**टुडे समाचारदाता**

वीरगञ्ज । पानीटंकीस्थित वीरगन्ज पब्लिक कलेजका एक छात्र बुधबार बिहान कलेजको तेस्रो तलाबाट लडेर गम्भीर घाइते भएका छन् । कक्षा १२ मा अध्ययनरत बारा विश्रामपुर गाउँपालिका-५ का १८ वर्षीय राजीव महतो घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डीएसपी कुमारविक्रम थापाले बिहान करिब साढे ७ बजे उक्त घटना भएको बताए ।

हाल वीरगञ्जस्थित बयोधा अस्पतालमा उपचाररत महतोको हात, खुट्टा र टाउकोमा गम्भीर चोट लागेको डीएसपी थापाले बताए । घटना किन र कसरी भयो भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको उनले बताए ।

# मन्त्री चढ्ने गाडीको ठक्करबाट तीन घाइत

**टुडे समाचारदाता**

सर्लाही । मधेश प्रदेश सरकारका एक मन्त्रीले चढ्ने गाडीको ठक्करबाट सर्लाहीमा तीन युवक घाइते भएका छन् । जसमध्ये एकको अवस्था गम्भीर रहेको छ ।

सर्लाहीको बरहथवा नगरपालिका-९, मुक्तेश्वर चोकमा मधेश प्रदेश सरकारका ऊर्जा, सिंचाइ तथा खानेपानी राज्यमन्त्री शेख अबुल कलाम आजाद चढ्ने मधेश प्रदेश ०२-००१ झ ०२४० नम्बरको जिपले बा ४३ प १२६३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार ३ जना गम्भीर घाइते भएका छन् ।

दुर्घटनामा बरहथवा नगरपालिका ५ बस्ने १८ वर्षीय सुमन महतो, चन्द्रनगर गाउँपालिका-५ मोहनपुर बस्ने १८ वर्षीय दीपक महतो र वाग्मती नगरपालिका-१० शंकरपुर बस्ने १९ वर्षीय अजय महतो घाइते भएका प्रहरीले जनाएको छ । घाइते तीनै जनाको वीरगञ्जमा उपचार चलिरहेको छ । तीन घाइतेमध्ये अजयको अवस्था चिन्ताजनक रहेको इलाका प्रहरी कार्यालय बरहथवाले जनाएको छ ।

दुर्घटनापछि गाडीका चालक फरार छन् । दुर्घटना के कति कारणले भएको भन्ने बारेमा प्रहरीले अनुसन्धान भइरहेको जनाएको छ । प्रत्यक्षदर्शीका अनुसार तीव्र गतिमा हुइँकिएको मन्त्री चढ्ने जिपले मोटरसाइकललाई ठक्कर दिएको थियो ।

तीव्र गतिका कारण युवाहरू सडकमै परसम्म बजारिएका थिए । दुर्घटनापछि चालक र त्यसमा सवार अन्य व्यक्ति गाडी छाडेर फरार भएपछि आक्रोशित स्थानीयले गाडीमा तोडफोडसमेत गरेका छन् । गाडी अहिले इलाका प्रहरी कार्यालय बरहथवामा राखिएको छ ।

# विष्णुपुरमा तलब माग्दै कर्मचारी धर्नामा

**टुडे समाचारदाता**

सिरहा । विष्णुपुर गाउँपालिकाका कर्मचारीहरु आन्दोलित भएका छन् । चाडपर्वमा समेत तलव नपाएको भन्दै उनीहरु बुधबारबाट कार्यालयमै धर्नामा




बसेका छन् ।

कर्मचारीहरुले तलवभत्ताका लागि गाउँपालिका अध्यक्ष सत्यनारायण यादवलाई २४ घण्टे अल्टिमेटम दिएका थिए । तर, दिएको समयमा तलव नपाएपछि उनीहरुले धर्ना सुरु गरेका छन् । धर्नामा शिक्षक र स्वास्थ्यकर्मीहरु पनि सहभागी छन् । कर्मचारीहरु धर्नामा बसेपछि पालिकामा सबै कामकाज ठप्प भएको छ ।

पालिकाका कर्मचारीहरुले तीन महिनादेखि तलब नपाएको जनाएका छन् । जनप्रतिनिधिहरुले बजेट बाँडफाँटमा विवाद गर्दा गाउँसभा हुन नसकेका कारण कर्मचारीहरुको तलव रोकिएको छ । पटक पटक बजेट ल्याउन दबाब दिए पनि जनप्रतिनिधिले बेवास्ता गरेको कर्मचारीहरुको आरोप छ ।

हुन त गाउँपालिकाले गएको असार १० गते गाउँसभाको उद्घाटन सत्र सम्पन्न गरेको थियो । तर, बजेट पेश भएन । वडाध्यक्षहरुले समयमा योजना पेश नगर्दा बजेट ल्याउन नसकेको गाउँपालिका अध्यक्ष यादवले बताए ।

'सुरुमा वडाध्यक्षहरुले ७५ लाख बढी बजेट दिनुपर्ने अडान राखे', अध्यक्ष यादवले भने, 'वडाध्यक्षहरुको त्यो माग पनि पूरा गर्न सहमत भए । तर, समयमा वडाध्यक्षहरुले योजना पेश गरेनन । वडा १ का अध्यक्षले त अझैसम्म योजना दिएका छैनन ।'

दशैंअगावै बजेट ल्याउने प्रयास गर्दा पनि सम्भव नभएको उनले बताए । 'कर्मचारीहरुसँग पनि समन्वय गरिरहेको छु । दीपावली अगाडि बजेट ल्याएर सबै समस्या समाधान गर्ने भनेको छु', अध्यक्ष यादवले भने ।

अध्यक्ष यादव नेकपा एमालेबाट निर्वाचित एक्लो जनप्रतिनिधि हुन् । यहाँकी उपाध्यक्ष गीताकुमारी सिंह र दुई वडाध्यक्ष जनता समाजवादी पार्टी (जसपा)का छन् । तीन वडाध्यक्ष नेपाली कांग्रेसका छन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शैलेश यादवले बजेट ल्याएर पालिकामा देखिएका समस्याहरु समाधान गर्न जनप्रतिनिधिहरुबीच समन्वयको प्रयास गरिरहेको बताए ।

उनले भने, 'निरन्तर समन्वयमा लागेको छु । तर, रिजल्ट आएको छैन ।'

यता, वडा नम्बर ४ का वडाध्यक्ष रामबाबु यादवले पालिका अध्यक्षले समन्वय नगरेकै कारण समस्या सृजना भएको बताए । उनले आफूले समयमै योजना पेश गरेको दाबी गरे ।

वडाध्यक्ष यादवले भने, 'पालिका अध्यक्ष कहिल्यै समन्वय गर्नुहुन्न । उनले बजेट ल्याउने भनेर घोषणा गरोस् न । म सहयोग गर्न तयार छु ।'

तलब नपाएपछि आन्दोलनमा बसेका कर्मचारीहरुले ज्ञापनपत्र बुझाउँदा पनि अध्यक्षले समन्वय नगरेको उनको आरोप छ ।

# १ हजार बढीको निःशुल्क उपचार



**टुडे समाचारदाता**

राजविराज । स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा सञ्चालित निःशुल्क मुटु रोग स्वास्थ्य शिविरबाट १ हजार १ सय भन्दा बढी विरामी लाभान्वित भएका छन् । जयन्ती स्मृति प्रतिष्ठानको आयोजना, मनमोहन कार्डियो थेरापिक मस्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरको प्राविधिक सहयोग एवं गजेन्द्र नारायण सिंह अस्पतालको समन्वयमा सञ्चालित चार दिने शिविरमा १ हजार १ सय ८६ जना बिरामीले निःशुल्क सेवा प्राप्त गरेका छन् ।

मुटु रोग लागेर आर्थिक अभावका कारण उपचार गर्ननसकेका गरिब, विपन्न परिवार हरुलाई लक्षित गरी आईतबारदेखि चलाइएको शिविरको अन्तिम दिन बुधबारसम्म हजार बढी विरामीहरुले निःशुल्क चेकचाँच सेवा तथा औषधि पाएको प्रतिष्ठानकी प्रबन्धक निर्देशक श्रीमती आयुषा कटुवालले जानकारी दिइन ।

शिविरमा वरिष्ठ मुटु रोग विशेषज्ञ डा.अनिल भट्टराई, डा.रविन कुमार बराल, डा.सोभितथापा, डा.दिनेश उप्रेती, डा.क्षितिज राज पुडासैनी, डा.रामहरी केसी, डा.प्रभा मोक्तान, डा.स्वस्तिका ह्मागाई सहितको १६ सदस्यीय टोलीले स्वास्थ्य सेवा प्रदान गरेको प्रतिष्ठानका प्रतिनिधि दीपक थापाले बताए ।

स्थास्थ्य सूचकांकमा सप्तरी निकै पछाडि रहेको तथा गरिब र विपन्नताका कारण स्वास्थ्य सेवा नपाइ समस्यामा रहेकाहरुलाई लक्षित गरी शिविर आयोजना गरीएको प्रतिष्ठानले जनाएको छ ।

# मदरसामा पठन पाठन सुचारु

**टुडे समाचारदाता**

राजविराज । आशीमियाँ दारुलउलन मदरसामा प्रधानाध्यापक र शिक्षकहरुकै अगुवाइमा गरिएको तालाबन्दी



बुधबार खोलिएको छ । मदरसा शिक्षाका लागि नगरमै अब्बल मानिएको उक्त मदरसामा कार्यरत शिक्षक, शिक्षिकाले विगत ३ महिनादेखि तलब पाउन नसकेको भन्दै अघिल्लो दिन मंगलबार तालाबन्दी गरेका थिए । जसकारण पठन पाठन ठप्प भएको थियो । मदरसाको बैंक खातामा तलब खान पुग्ने गरी रकम मौज्दात हुँदाहुँदै पनि व्यक्तिगत रिसइबीका कारण चाड पर्वका बेलामा समेत अध्यक्ष आसिन मियाँले तलव खुवाउन आलटाल गर्दै गएपछि आक्रोशित शिक्षक/शिक्षिकाले तालाबन्दी गरेका थिए ।

२४ जना छात्र र ६२ जना छात्रा गरी कुल ८६ जना विद्यार्थी अध्ययनरत मदरसामा उर्दु, अरबी, दिनियातका साथै नेपाली, अंग्रेजी र गणित विषयको पढाइ हुन्छ । पढाइ अब्बल रहे पनि अध्यक्षको मनोमानीका कारण मदरसामा बेला बेलामा विवाद उत्पन्न हुने गरेको स्थानीय अभिभावहरुको गुनासो छ । तालाबन्दी पछि मदरसाको पठन पाठन ठप्प भएपछि राजविराज नगरपालिकाका शिक्षा शाखा प्रमुख भोगेन्द्र यादव, वडा अध्यक्ष चन्द्रशेखर चौधरी लगायत स्थानीय अभिभावकहरुको भेलाले दुबै पक्षलाई राखी छलफल र वार्ता गरेको थियो ।

छलफलमा मदरसा व्यवस्थापन समितिका अध्यक्ष आसिन मियाँले शिक्षक/शिक्षिका र मौलबीको बाँकी बक्यौता रहेको सम्पूर्ण तलव बुधबारनै खुवाउने प्रतिवद्धता जनाएपछि तत्कालै तालबन्दी खोलिएको तथा पठन पाठन सुचारु भएको प्रधानाध्यापक रुवीना वेगमले बताइन ।

५ जना शिक्षक/शिक्षिका रहेको मदरसा राजविराज नगरपालिकाबाट वार्षिक अनुदान स्वरुप प्राप्त हुने २ लाख ४१ हजार रुपैयाँको बजेटबाट संचालन हुँदै आएको छ ।

# जसपाको अगुवा कार्यकर्ता भेला

**टुडे समाचारदाता**

वीरगञ्ज । जनता समाजवादी पार्टी नेपाल (जसपा)को पर्सा जिल्ला समितिमा देखिएको विवाद समाधानका लागि कार्यदल गठन गरे पनि सो जिल्लामा गुटगत भेलाहरु रोकिएको छैन् । असोज १० गते जसपा जिल्ला समितिको एउटा समूहले बहुमत सदस्यको बैठकले भन्दै जिल्ला अध्यक्ष रामनरेश यादवलाई हटाएर बहुदरमाइ नगरपालिकाका मेयर सिंहासन साह तेलीलाई अध्यक्ष बनाएको थियो । तर, त्यसलाई रामनरेश यादव पक्षले स्वीकारेन । दुबै समूहबीच विवाद देखेपछि मधेश प्रदेश समितिले प्रदेशका अध्यक्ष रामबाबु यादवको अध्यक्षतामा छानबिनका लागि कार्यदल गठन गरेको थियो ।



कार्यदल गठन गरे पनि जिल्लामा दुबै समूहले आआफ्ना गतिविधि गर्दैछन् । हालै अध्यक्ष भएका सिंहासन साह तेलीले बुधबार जिल्ला अगुवा कार्यकर्ता भेला गरेका छन् । जिल्ला अध्यक्ष सिंहासन साह तेलीको अध्यक्षतामा आयोजित अगुवा कार्यकर्ता भेलाको प्रमुख अतिथि जसपाका केन्द्रीय सदस्य एवं सांसद प्रदीप यादव थिए । उनले पार्टी केही अवसरवादी व्यक्तिको स्वार्थपूर्तिमा रहेको भन्दै गलत गतिविधिलाई निरुत्साहित गर्दै पार्टी संगठन विस्तार गर्न पार्टीपंक्तिलाई निर्देशन दिए ।

कार्यक्रममा मधेश प्रदेश समितिका अध्यक्ष एवं कार्यदलका संयोजक रामबाबु यादवले कार्यदल गठन गरे पनि काम सुरु नभएका कारण विवाद यथावत् रहेको र कार्यदलले कार्य छानबिन थालनी गरेपछि त्यस विषयमा छलफल गरिने बताए । चाडपर्व तथा पार्टीका अन्य कार्यमा व्यस्त भएको कारण पर्साको विवाद बारेमा ध्यान नगएको हो, अब चाँडै नै त्यहाँ गएर छानबिन गरिने उनले बताए । रामनरेश यादव चार वर्षसम्म पार्टीको जिल्ला अध्यक्ष हुँदा अधिवेशन गराउन नसकेको, उनी अध्यक्ष भएर आएपछि जिल्लामा पार्टी कमजोर भएको, जिल्लाका नेताहरुले पार्टी छाडेर अन्य पार्टीमा प्रवेश गर्दै गरेको कारण देखाउँदै उनलाई हटाइएको थियो ।

बुधबारको कार्यक्रममा वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह, जिल्ला समन्वय समितिका सभापति निरन्जन सर्राफ, पार्टीका केन्द्रीय सदस्य जनार्दन यादव, संघीय परिषद् सदस्य शिवजी सोनी, केन्द्रीय सदस्य मोहन चौधरी, पूर्व प्रदेशसभा सदस्य भिमा यादवलगायतको उपस्थिति रहेको थियो ।

**चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।**

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासंग सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८